# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १७ पूर्णाङ्क ६६ | २०७४ कात्तिक १३ गते सोमबार | Monday, October 30, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## देजमोले बुझायो समानुपातिक तर्फको संशोधित अन्तिम बन्दसूची



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले निर्वाचन आयोगमा २९ असोजमा बुझाएको समानुपातिक तर्फको बन्दसूचि क्लस्टर मिलाएर संशोधनसहितको अन्तिम सूचि आइतबार आयोगमा बुझाएको छ । मोर्चाका कार्यालय सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार मोर्चाले प्रतिनिधिसभातर्फ आदिवासी जनजाति, खसआर्य, थारु, मधेसी, दलित र मुस्लिम क्लस्टर ...बाँकी ७ पेजमा

## संसद्वादीहरुका लागि देजमोको 'निर्वाचन उपयोग' चुनौतीपूर्ण

# संसद्वादी पार्टीका हस्तीहरूसँग भिड्दै देजमोका उम्मेदवारहरू

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले मंसिर १० का लागि हुने प्रतिनिधिसभा र प्रदेशसभाका लागि कात्तिक ५ गते ३२ वटा जिल्लामध्ये अधिकांश जिल्लामा उम्मेद्वारी दिएको छ। पार्टीको सम्पन्न राष्ट्रिय सम्मेलनले निर्वाचनको उपयोगको कार्यनीतिलाई निरन्तरता दिने निर्णय लिएसँगै देजमोका नेता कार्यकर्ताहरूले उत्साहजनक रूपमा आफ्नो उम्मेदवारी दिएका छन् । दुई वा तीन दलबाहेक अरु दलहरूको अस्तित्व नामेट पार्ने गरी दलसम्बन्धी र निर्वाचनसम्बन्धी कानुन बनाएका संसद्वादीहरूलाई चुनौती दिँदै देजमोले हस्तक्षेपपूर्ण उम्मेदवारी दिएको छ । प्रत्यक्षतर्फ एक सिट जित्नैपर्ने र समानुपातिक तर्फ खसेको मतको तीन प्रतिशत मत पाएको हुनैपर्ने थ्रेसहोल्डको व्यवस्था गरेका संसद्वादी पार्टीहरूलाई देजमोको उम्मेदवारी खासगरी माकेलाई ठूलै टाउको दुखाइको विषय बनेको छ । र, तीन दलीय निरंकुशता (सिण्डकेट)लाई देजमोले उम्मेद्वारी दिएर मुखतोड जवाफ दिएको छ । र, उनीहरूकै प्लेटफर्म प्रयोग गरेर उनीहरूकै भण्डाफोरमा मोर्चा उत्रिएको छ ।

**संसद्वादी पार्टीका हस्तीसँग भिड्दै देजमोका उम्मेदवारहरू**

देजमोका अधिकांश उम्मेदवारहरू संसद्वादी पार्टीहरूका भूपू प्रधानमन्त्री, मन्त्रीदेखि सांसदसँग चुनावी प्रतिस्पर्धाको मैदानमा उत्रिएका छन् । दशवर्षे जनयुद्धको सच्चा उत्तराधिकारीको रूपमा समेत स्थापित क्रान्तिकारी माओवादीको राजनीतिक मोर्चा देजमोका उम्मेदवारहरू संसद्वादीहरूका लागि चुनौतीपूर्ण सावित भएको छन् ।

प्राप्त समाचार अनुसार रोल्पामा माओवादी केन्द्रका प्रभावशाली युवा नेताको छवि बनाएका र पूर्वअर्थमन्त्री समेत रहीसकेका बर्षमान पुन'अनन्त' सँग प्रतिनिधिसभाको चुनावी मैदानमा माओवादी आन्दोलनका चर्चित पत्रकार, लेखक तथा अनुवादकको परिचय बनाएका देजमोका केन्द्रीय सचिवाय सदस्य समेत रहेका युवा नेता कुमार शाह उत्रिएका छन् ।





देजमोको चुनाव चिन्ह 'मुठ्ठी'

वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादीको छवि बनाएका, सत्ता र शक्तिको दुरूपयोग गरेर नवधनाढ्य बनेका पुनको रोल्पाली जनताबीचमा राम्रो छवि नभएकोले इमान्दार, निष्ठावान र विचारवान नेताको रूपमा चिनिएका शाहले पुनलाई ठूलै चुनौती दिने विश्लेषण गर्न थालिएको छ।

त्यसैगरी रोल्पाबाटै देजमोको तर्फबाट प्रेशसभामा क) मा टिकामन बुढामगर र ख) मा मोतिराम पुन चुनावी प्रतिस्पर्धामा छन् ।

यता नुवाकोटमा प्रतिनिधिसभाको लागि २ नं. निर्वाचन क्षेत्रबाट महिला नेतृ लक्ष्मी मुडभरीको उम्मेदवारी परेको छ । उनी वाम गठबन्धनको तर्फबाट उम्मेदवार बनाइएका नारायण खतिवडा र कांग्रेसका नेता अर्जुननर सिंह केसीसँग चुनावी मैदानमा उत्रिएकी हुन् । जनयुद्धको सुरुवातदेखि नै जनयुद्धमा होमिएकी नेतृ मुडभरी जिल्लाकी चर्चित नेतृ हुन् । जिल्लाको २ नं. निर्वाचन क्षेत्रका अधिकांश गाउँहरू माओवादी आधार राम्रो भएको गाउँ भएकोले माओवादीहरूको सहानुभूति मत नेतृ मुडभरीको चुनाव चिन्हमा आउने पनि विश्लेषण गरिएको छ ।

नुवाकोटमा देजमोको तर्फबाट २ नं. निर्वाचन क्षेत्रअन्तर्गतको प्रदेशसभाका लागि (क) मा अर्जुनलाल श्रेष्ठ र (ख) मा रवि अधिकारीले मनोनयन दर्ता गराएका छन् भने १ नं. निर्वाचन क्षेत्रको प्रदेशसभाका लागि (ख) मा राजन लामिछाने चुनावी मैदानमा छन् ।

उता गोरखामा प्रतिनिधिसभाको लागि निर्वाचन क्षेत्र नं. १ मा विद्यार्थी नेता राम नेपालीले उम्मेदवारी दिएका छन् भने २ नं. मा युवा नेता नारायण अधिकारीले मनोनयन दर्ता गराएका छन् । गोरखाको २ नं. मा नयाँ शक्तिका संयोजक बाबुराम भट्टराईले लोकतान्त्रिक गठबन्धनबाट र माकेका नेता नारायणकाजी श्रेष्ठले वाम गठबन्धनबाट उम्मेदवारी दिएका कारण पनि देजमोका उम्मेदवार अधिकारीको चर्चा बाक्लिएको छ । कम्युनिष्ट आन्दोलनकै पुराना र स्थापित नेता श्रीनाथ अधिकारीका छोरा भएकोले मात्र होइन, एक निष्ठावान, विचारवान र भिजन भएका जुझारु युवा भएकोले पनि अधिकारीले दुवैको भोट काट्ने भन्दै दुवै गठबन्धनकाले चिन्ता व्यक्त गर्ने गरेका छन् । अधिकारी बौद्धिक युवाहरूका बीच सामाजिक सञ्जाल र मिडियाहरूमा पनि राम्रैसँग छाएका छन् । गोरखाको २ नं. क्षेत्रको प्रदेशसभामा भने देजमोका छविलाल घलेले मनोनयन दर्ता गराएका छन् ।

त्यसैगरी रामेछापमा प्रतिनिधिसभाका लागि जिल्लाका स्थापित र जुझारु छवि बनाएका युवा नेता गणेशबहादुर खड्गी'गगन'ले मनोनयन दर्ता गराएका छन् भने प्रदेशसभाका लागि १ मा लाङ्वाली मगर र २ मा पदम थापामगरले उम्मेदवारी दर्ता गराएका छन् ।

उता भोजपुरमा प्रतिनिधिसभाका लागि डिल्लीराम बोहराले उम्मेदवारी दिएका छन् भने प्रदेशसभाका लागि १ मा आङडेण्डी शेर्पा र २ मा देवप्रसाद राईले मनोनयन दर्ता गराएका छन् ।

त्यसैगरी ओखलढुंगामा प्रतिनिधिसभाका लागि रुद्र कुमार फुयाँलले मनोनयन दर्ता गराएका छन् भने प्रदेशसभाका लागि १ मा तेन्जिङ शेर्पा र २ मा विष्णु खड्काले उम्मेदवारी दर्ता गराएका छन् ।

यता दोलखामा प्रतिनिधिसभाको लागि गोविन्द काफ्लेले उम्मेदवारी दिएका छन् भने प्रदेशसभाका लागि पूर्वबहादुर खड्का (१) र छत्रबहादुर कार्की (२) ले मनोनयन दर्ता गराएका छन् ।

लमजुङमा प्रतिनिधिसभाका लागि शुरेशचन्द्र न्यौपानेले उम्मेदवारी दर्ता गराएका छन् भने कालिकोटमा प्रतिनिधिसभाका लागि कर्णबहादुर बुढाले मनोनयन दर्ता गराएका छन् ।

त्यसैगरी बाग्लुङमा प्रतिनिधिसभाका लागि निलबहादुर पुनले उम्मेदवारी दर्ता गराएका छन् भने पाँचथरमा प्रतिनिधिसभाको लागि उमेश तिमल्सेनाले आफ्नो मनोनयन दर्ता गराएका छन् ।

यता सिन्धुपाल्चोकमा भने प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ बाट टेक बहादुर जोशी र सोही निर्वाचन क्षेत्रबाट प्रदेशसभाको लागि खड्ग बहादुर थापाले र उम्मेदवारी दर्ता गराएका छन् भने प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ बाट भने कुमार बोगटी र सोही निर्वाचन क्षेत्रबाट प्रदेशसभाका लागि गुज खड्काले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।

बझाङमा भने प्रतिनिधिसभाका लागि धरणीधर नाथ र प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ बाट अशोक ओलीले आफ्नो मनोनयन दर्ता गराएका छन् । देजमोका सबै उम्मेदवारहरूले स्थानीय तहको निर्वाचनको तुलनामा प्रतिस्पर्धी मत ल्याउने विश्लेषण गर्न थालिएको छ ।

दलीय निर्वाचन चिन्ह मुठ्ठी हुनु, जनतामा संसद्वादी पार्टीहरूप्रति वितृष्णा बढ्दै जानु, भ्रष्ट, अनैतिक, तस्कर, माफिया, गुण्डा छवि भएकाहरू वाम र लोकतान्त्रिक गठबन्धनबाट उम्मेदवार बन्नु, मूल्य र आदर्श, नैतिकता र इमान्दार उम्मेदवार देजमोका बाहेक नुहुनु लगायतका कारण देजमोका उम्मेदवारहरूको पक्षमा जनमत बढ्दै गएको विश्लेषण वाम विश्लेषकहरूले गर्न थालेका छन् ।

यसैबीच, कथित वाम र लोकतान्त्रिक गठबन्धनमा ध्रुवीकृत हुँदै जाँदा ती पार्टीभित्रका त्यागी, इमान्दार, विचारवान र निष्ठावान नेता कार्यकर्तालाई पाखा लगाउँदै साम, दाम, दण्ड, भेद जे गरेर पनि चुनाव जित्न सक्ने छवि भएका, गुण्डा, तस्कर, माफिया, भ्रष्ट, अनैतिक, नवधनाढ्य तथा दलाल सम्भ्रान्तवर्गलाई टिकट बाँडिएको छ । मूल्य, आदर्श र निष्ठाको राजनीतिलाई तिलाञ्जली दिइएको छ । संसद्वादीहरूको यस्तो हर्कतबाट आजित दुवै गठबन्धनका इमान्दार, निष्ठावान र त्यागी नेता कार्यकर्तामा असन्तुष्टिको मात्रा बढेर गएको छ । उनीहरू नयाँ विकल्पको खोजी गर्न थालेका छन् ।

## त्रिशुली बस दुर्घटनाबाट देजमो मर्माहत

● वर्गदृष्टि संवाददाता

काठमाडौं। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले आइतबार एक समवेदना सन्देश जारी गर्दै ३१ जनाको ज्यान जाने गरी भएको त्रिशुली बस दुर्घटनाबाट मोर्चा मर्माहत भएको उल्लेख गरेका छन् । समवेदना सन्देशमा भनिएको छ, 'धादिङ जिल्लाको गजुरी नजिकै सप्तरीको राजविराजबाट काठमाडौं आइरहेको बस कात्तिक ११ गते विहान दुर्घटना हुँदा ३१ जनाको ज्यान गएको, १६ जना घाइते र केही बेपत्ता भएको खबरले हामीलाई मर्माहत तुल्याएको छ । यो दुःखद् घटनामा ज्यान गुमाउनु हुने सम्पूर्ण दिदीबहिनी,



दाजुभाइप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वहाँहरूको परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।'

अध्यक्ष गजुरेलले जारी गरेको समवेदना सन्देशमा घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने भन्दै अगाडि भनिएको छ, 'सरकार र चालकको लापरवाहीबाट यो दुर्घटना भएको जुन विषय बाहिर आएको छ, यो निकै गम्भीर छ र सरकारले यसको पूर्ण रूपमा जिम्मेवारी लिनु पर्दछ ।'

उक्त सन्देशमा घाइतेहरूको सरकारले निःशुल्क उपचार गर्न र ज्यान गुमाउनु भएका परिवारहरूलाई अबिलम्ब राहत उपलब्ध गराउन पनि ...बाँकी ७ पेजमा

## 'एमाले-माके पश्चगामी' : महासचिव किरण

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले एमाले र माकेहरू कम्युनिष्ट साइनबोर्ड झुण्ड्याएका पश्चगामी शक्ति भएको बताउनु भएको छ । 'पुरानो, प्रतिगामी, प्रतिक्रियावादी संसदीय व्यवस्थालाई मान्ने र त्यही सत्तामोहमा चुर्लुम्म डुब्नेहरू कम्युनिष्ट हुन सक्दैनन् र तिनीहरू वाम पनि होइनन् ।' बिहीबार विहान 'रेडियो नागरिक'सँग कुराकानी गर्दै महासचिव किरणले भन्नुभयो, 'नेपालमा कम्युनिष्ट आन्दोलन अगाडि बढ्दै जाँदा विचलनहरू देखापर्दै गए । जनताको हक, हित, अधिकार, मूल्य



र आदर्शको राजनीतिलाई छाडेर प्रतिक्रियावादी व्यवस्था र सत्ताप्रतिमोह देखाउने अवसरवादी प्रवृत्तिहरू देखा पर्दै आए। कम्युनिष्ट आन्दोलनभित्रको यो दक्षिणपन्थी अवसरवादी तथा पश्चगामी धाराका विरुद्ध क्रान्तिकारी धाराले संघर्ष अगाडि बढाउँदै आएको छ । अहिले त्यो क्रान्तिकारी धाराको नेतृत्व हाम्रो पार्टीले गर्दै आएको छ ।'

संसदीय व्यवस्थाका विरुद्ध दशवर्ष जनयुद्ध लडेका प्रचण्ड, बाबुराम, बादलहरू सैद्धान्तिक तथा वैचारिक रूपमा विचलित हुँदै घुमिफिरी पुरानै संसदीय व्यवस्थालाई स्वीकार गर्न पुगेको ...बाँकी ८ पेजमा

## चीनमा अब 'सि विचारधारा'



एजेन्सी । चिनियाँ कम्युनिष्ट पार्टीको हालै सकिएको १९ औं महाधिवेशनबाट पुनः महासचिवमा सि जिनपिङ निर्वाचित भएका छन् भने महाधिवेशनले पार्टी महासचिव एवं राष्ट्रपति सी जिनपिङको 'सी विचारधारा' पारित गरेको छ ।

महाधिवेसनले पार्टीको घोषणापत्रमै 'सी जिनपिङ विचारधारा' राख्ने निर्णय पारित गरेको छ । यससँगै सीले महाधिवेसनको सुरुवातमा आफ्नो प्रतिवेदनमा उल्लेख गरेको 'नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादबारे सी जिनपिङ विचारधारा' पार्टीको निर्देशक सिद्दान्तहरूमध्ये एक बनेको छ ।

अष्ट्रेलियाका पूर्व प्रधानमन्त्री केभिन रुडले लेखेका छन्, 'सी देङ स्यायो पेङपछि सबैभन्दा शक्तिशाली नेता हुनेछन् भनेर मैले पाँच वर्षअघि लेखेको थिएँ। वास्तवमा म गलत थिएँ। उनी माओ त्सेतुङपछि चीनको सबैभन्दा शक्तिशाली नेता बनेका छन् ।'

पार्टी विधानमै सीको विचारधारा उल्लेख भएसँगै सी माओ त्सेतुङ र देङ स्यायो पेङ जत्तिकै शक्तिशाली भएको विश्लेषण गरिएको छ । अझ केहीले सीलाई देङभन्दा शक्तिशाली नेताका रूपमा हेर्न थालेका छन् । १९ औं महाधिवेशनको अन्तिम दिन मंगलबार समापन समारोहका बीच सीको विचारधारालाई विधानमा स्थापित गर्ने घोषणा गरियो ।

'सी जिनपिङ विचारधारा पार्टीको एक निर्देशक सिद्दान्त ...बाँकी ७ पेजमा

## महान् अक्टोबर समाजवादी क्रान्ति र त्यसबाट लिनुपर्ने शिक्षा

*लेनिनले दोश्रो अन्तर्राष्ट्रियका नेताहरूको गलत नीतिको विरुद्ध तीब्र संघर्ष गर्नुभयो । लेनिनहरूको यस प्रयासबाट नै दोश्रो अन्तर्राष्ट्रियले साम्राज्यवादीहरूको बिचमा युद्ध शुरू भयो भने त्यो युद्धको विरूद्धमा संघर्ष गर्ने निर्णय गरेको थियो ।*



● रामसिंह श्रीस

अहिले संसारभरका कम्युनिस्टहरूले महान अक्टोबर समाजवादी क्रान्तिको सत्वार्षिकी कार्यक्रम मनाइरहेका छन् । रसियन सामाजिक जनवादी लेवर पार्टी (बोल्सेविक), जो पछि रुसी कम्युनिस्ट पार्टी (बोल्सेविक) बन्यो, को नेतृत्वमा सन् १९१७ अक्टोवर २५ (नयाँ क्यालेण्डर अनुसार ७ नोभेम्बर)का दिन यो क्रान्ति भएको थियो । यो क्रान्तिले विश्वमा दोश्रो पटक पुरानो प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारी सर्वहारा वर्गको नयाँ राज्यसत्ता स्थापना गरेको थियो । पहिलो पटक पेरिस कम्युनमा सर्वहारा वर्गले पुरानो राज्यसत्तालाई ध्वस्त पारेर आफ्नो नयाँ राज्यसत्ता स्थापना गरको थियो, जुन ७२ दिन टिकेको थियो ।

यो महान अक्टोबर समाजवादी क्रान्तिलाई मोटामोटी तीन चरणमा बुझ्न सकिन्छ। पहिलो, रुसी फेब्रुअरी क्रान्तिभन्दा पहिलेको अवस्था, दोश्रो फेब्रुअरी क्रान्तिदेखि अक्टोबर क्रान्तिसम्मको अवस्था र तेश्रो अक्टोबर क्रान्ति पछिको अवस्था ।

पहिलो चरणः यो महान अक्टोबर समाजवादी क्रीन्त सफल हुनुमा विश्व कम्युनिस्ट आन्दोलनका महान गुरु क.लेनिनको महत्वपूर्ण योगदान छ । प्रतिक्रियावादी साम्राज्यवादीहरूको विरुद्धको संघर्षको साथै कम्युनिस्ट आन्दोलनभित्र देखा पर्ने सबै खालेको अवसरवादको विरुद्ध लेनिनको नेतृत्वमा रुसी कम्युनिस्ट पार्टी (बोल्सेविक)ले तीब्र संघर्ष गरेर मात्रै यो अक्टोबर क्रीन्त सफल हुने अवस्थामा पुगको थियो । सन् १८८९ मा गठित दाश्रो अन्तर ाष्ट्रियमा लेनिनहरू पनि हुनुहुन्थ्यो । तर, दोश्रो अन्तर्राष्ट्रियमा लेनिनभन्दा सिनियिर नेताहरू थिए। समयक्रमममा दोश्रो अन्तर्राष्ट्रियका नेताहरूले गैरामार्क्सवादी नीतिहरू अपनाउन थाले । त्यो अवस्थामा लेनिनले दोश्रो अन्तर्राष्ट्रियका नेताहरूको गलत नीतिको विरुद्ध तीब्र संघर्ष गर्नुभयो । लेनिनहरूको यस प्रयासबाट नै दोश्रो अन्तर्राष्ट्रियले साम्राज्यवादीहरूको बिचमा युद्ध शुरु भयो भने त्यो युद्धको विरुद्धमा संघर्ष गर्ने निर्णय गरेको थियो । तर जब प्रथम विश्वयुद्ध शुरु भयो, दोश्रो ...बाँकी ७ पेजमा

## सम्पादकीय

# अक्टोबर क्रान्तिले सुम्पेको कार्यभार

महान अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको सय वर्ष पुगेको सन्दर्भमा विश्वका उत्पीडित तथा मुक्तिकामी जनता विश्वव्यापी रूपमा महान् अक्टोबर क्रान्तिको शतवार्षिकी क्रान्तिकारी उत्साह र अठोटका साथ मनाइरहेका छन् । नेपालमा पनि यही अठोटका साथ नेकपा (क्रान्तिकारी माओवादी), नेकपालगायतका पार्टीहरूले विविध कार्यक्रम गरेर सत्‌बार्षिकी मनाएका छन् ।

महान अक्टोबर समाजवादी क्रान्ति सबैखाले सामन्ती अवशेषसहित पुँजीपतिवर्गका विरुद्ध परिलक्षित यो क्रान्ति विश्वक्रान्तिको इतिहासमा एक नयाँ युगको सूत्रपात थियो । अक्टोबर क्रान्ति मार्क्सवादको सफल प्रयोग थियो । मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, सर्वहारा वर्गको राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका रूपमा मार्क्सवादको सैद्धान्तिक प्रतिपादन गर्नुभएको थियो । लेनिनले रुसी धर्तीमा सफलतापूर्वक मार्क्सवादको प्रयोग गर्नुभयो र यस क्रममा मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादका रूपमा विकसित समेत तुल्याउनु भयो । सोभियत रुसमा सम्पन्न महान् अक्टोबर क्रान्तिको सफलताले सिङ्गो विश्वलाई प्रभावित तुल्यायो ।

लेनिनले प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र सरकारको दृढतापूर्वक विरोध तथा भण्डाफोर गर्दै समाजवादी क्रान्तिको तयारीमा विशेष जोड दिनुभयो । सशस्त्र दस्ता र सेनाका क्रान्तिकारी सिपाहीहरूलाई संगठित तुल्याउँदै सशस्त्र जनविद्रोह मार्फत् महान् अक्टोबर क्रान्ति सम्पन्न गर्नुभयो । यस क्रान्तिले बुर्जुवा जनवादमाथि धावाबोल्दै तथा त्यससित सम्बन्ध विच्छेद गर्दै सर्वहारा जनवाद अर्थात् सर्वहारावर्गको अधिनायकत्वलाई जन्मदिई विश्व इतिहासमा नयाँ युगको उद्घाटन गऱ्यो ।

आज विश्वमा नवउपनिवेशवाद तथा नवउदारवादका साथमा भूमण्डलीकृत साम्राज्यवादको हैकम तथा उत्पीडन प्रभावी रहेको छ र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन पनि कमजोर अवस्थामा छ । आज विश्व र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि क्रान्तिका लागि दक्षिणपन्थी संशोधनवाद प्रमुख खतरा रहेको छ । अहिले साम्राज्यवाद एकातिर गंभीर आर्थिक, राजनीतिक तथा सांस्कृतिक संकटमा फँस्तै तथा दुई वा बहुध्रुवीय अन्तर्विरोधहरूमा जेलिदै गएको छ भने अर्कोतिर विश्वमा राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलन पनि आफ्नो गतिमा विकसित हुँदै गएका छन् । नयाँ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको निर्माणको दिशामा पनि विभिन्न रूपमा आवश्यक पहल भइरहेका छन् । आज विश्वमा क्रान्ति र कम्युनिस्ट आन्दोलन बक्रगतिमा विकसित हुँदै गइरहेको छ । आज विश्वका साथै नेपालमा पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गए पनि आत्मगत स्थिति भने कमजोर नै रहेको छ । आत्मगत स्थितिलाई सदृढ तुल्याउन क्रान्तिकारीहरूले विशेष ध्यान पुऱ्याउन जरुरी छ ।

आज मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्दै नयाँ ढंगको क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्नु, सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायलाई एकताबद्ध तुल्याउनु, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि आवश्यक तयारीमा लाग्नु र नयाँ कम्युनिस्ट अन्तर्राष्ट्रिय पुनः संगठित गर्नका लागि जोडदिनु आदि आज नेपालका क्रान्तिकारी माओवादीहरूलाई इतिहासले सुम्पेको विशिष्ट कार्यभार तथा दायित्व हुन् । यस प्रकारका ऐतिहासिक कार्यभार तथा दायित्व निर्वाह गर्नका लागि नेकपा (क्रान्तिकारी माओवादी)ले दृढ प्रतिबद्धता जाहेर गर्दै आएको छ । र, त्यस दिशामा पहलकदमी पनि लिंदै आएको छ ।

महान अक्टोबर समाजवादी क्रान्तिको सत्‌बार्षिकी मनाउँदै गर्दा कथित वाम गठबन्धनको नाममा प्रतिक्रियावादी सत्ता स्वार्थमा लागिपरेका दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादी समूह एमाले र माकेलगायतकाले खडा गरेको विभ्रमलाई चिर्दै सच्चा कम्युनिष्ट क्रान्तिकारी शक्तिबीच नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गरी वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्ने सर्तमा सुदृढ एकता वा ध्रुवीकरणमा जोड दिन जरुरी छ । यसका लागि फेरि पनि निर्णायक र नेतृत्वदायी पहलकदमीको कार्यभार नेकपा (क्रान्तिकारी माओवादी)को काँधमा आएको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषपक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# प्रथम राष्ट्रिय सम्मेलनको महत्व



● चन्द्रहरि सुवेदी 'अटल' ●

पूर्व नेकपा-माओवादी र पूर्व नेकपा (एकीकृत) बीच पार्टी एकता भएको आगामी कात्तिक २२ गते २ बर्ष पुरा हुँदैछ । एक वर्षभित्र राष्ट्रिय सम्मेलन गर्ने भनेकोमा, संघर्षका कार्यक्रम, स्थानीय निर्वाचन र बादलहरूको पलायनताले राष्ट्रिय सम्मेलन एक बर्ष ढिला हुन गयो । पार्टी एकता हुँदा दुई पार्टीहरूमा केही सैद्धान्तिक र नीतिगत प्रश्नहरूमा समान समझदारी बन्न सकेको थिएन । त्यसलाई आन्तरिक बहस चलाएर राष्ट्रिय सम्मेलन मार्फत् समस्या समाधान गर्ने भन्ने समझदारी थियो ।

संसारका रहेक वस्तुको अस्तित्व विपरीतको एकत्वमा टिकेको हुन्छ । जब वस्तुभित्र संघर्ष हुँदैन, वस्तु पनि रहँदैन । कम्युनिष्ट पार्टी विकसित मानिसहरूको समुहले बनेको सबैभन्दा गतिशील र उन्नत वस्तु हो । यो आफैमा विपरीतको एकत्वमा टिकेको हुन्छ । पार्टीभित्रको विपरीत अन्तर्संघर्ष र दुई लाइन संघर्षमा टिकेको हुन्छ । नेकपा (क्रान्तिकारी माओवादी) मा पनि यो विपरीत हुने नै भयो । यो विपरीत विभिन्न रूपमा व्यक्त हुन्छ । सक्रिय र निष्क्रियको रूपमा अगाडि बढेको चेतना र पछाडि परेको चेतनाको बीचमा, जिम्मेवारी पुरा गर्ने र नगर्ने बीचमा बैठकमा उपस्थित हुने र नहुने बीचमा केन्द्रीय समिति र तल्ला समिति बीचमा, बहुमत र अल्पमत बीचमा संघर्षको रूपमा व्यक्त हुन्छ । दुई पार्टी बीच एकता भइसकेपछि मुख्यतः तीनवटा विषयमा आन्तरिक छलफल चलाएर एकरूपतामा टुङ्ग्याउने भन्ने थियो । माओवाद र विचार, अर्धउपनिवेश वा नवउपनिवेश, नेपाली कम्युनिष्ट आन्दोलनको मुल्याङ्कन विशेषतः जनयुद्ध सम्बन्धी मूल्यांङ्कनका विषय थिए । अर्धसामन्ती भएपछि स्वतः अर्ध उपनिवेश भइहाल्छ । यदाकदा दोस्रो विश्वयुद्धपछि पनि अर्धउपनिवेशलाई उपनिवेश बनाएका उदाहरण छन् । भारतले सिक्किमलाई, रुसले क्रिमियालाई आफ्नो उपनिवेश बनाएको घटना हामी देख्छौ तर पनि नव-उपनिवेश हावी हुँदै गएको कुरामा सहमति भएपछि यो विषयमा बुझाईमा एकरूपता कायम भयो र बहस चलाउनु परेन । बाँकी दुई विषयमा राष्ट्रिय सम्मेलन अगाडि चार महिना आन्तरिक बहस सञ्चालन भयो । ७ वटै प्रदेशहरूमा केन्द्रीय स्तरबाटै छलफलको आयोजना भयो । प्रदेशहरूले आ-आफ्ना मातहातका जिल्लाहरूमा जिल्लाको सापेक्षतामा बहस संचालन गरेर देशका प्रायः सबै जिल्लाको उपस्थितिमा यही २०७४ असोज २२-२६ पाँच दिन पर्यटकीय नगरी पोखरामा भव्यरूपमा राष्ट्रिय सम्मेलन सम्पन्न भयो । राष्ट्रिय सम्मेलनमा बहसका विषयलाई सचिवालयका कमरेडहरूले व्यक्तिगत रूपमा र केन्द्रीय सल्लाहकारदेखि प्रतिनिधि पर्यवेक्षक कमरेडहरूका ९ वटा समुह बनाई बहसलाई व्यवस्थित गरियो । अन्तमा फरक मतका कमरेडहरूले राजनीति र विचारका प्रश्नमा अल्पमत र बहुमत गर्न भन्दा फरक मतलाई पार्टीको सम्पत्तिको रूपमा आरक्षणमा राख्ने, यी फरक मतहरू नेपाली कम्युनिष्ट आन्दोलन लगायत विश्व कम्युनिष्ट आन्दोलनसँग पनि जोडिएकाले नयाँ तर्क, प्रमाण भएर हामी एकै ठाउँमा आउन पनि सकिने भएकोले अर्को पटक बहस खुला नभएसम्मको लागि स्थगित गर्ने र पार्टीलाई वाद-विवादको साधनको रूपमा नभएर राष्ट्रिय सम्मेलनले गरेका निर्णयलाई एकमतका साथ कार्यान्वयनमा जाने सहमतिका साथ राष्ट्रिय सम्मेलन भव्य रूपमा सम्पन्न गरियो ।

नेपाली कम्युनिष्ट आन्दोलनमा अन्तरसंघर्ष र दुई लाइन संघर्षदेखि डराउने र तीनवटा अतिबाट प्रभावित भएर परिणाममा पुऱ्याउने गरिंदै आएको हामी पाउँछौ । पहिलो अन्तर्संघर्ष गर्नैहुन्न, अन्तर्संघर्ष र दुईलाइन संघर्ष गर्नासाथ पार्टी फुटिहाल्छ, त्यसैले जबर्जस्ती रोक्ने । दोस्रो हो- अन्तर्संघर्ष र दुईलाइन संघर्षलाई सत्य तथ्य केलाएर एक-अर्का बीच चित्त बुझाएर निक्यौंल निकाल्नुको सट्टा दुबै पक्षबीच चोचोमोचो मिलाउने, रूपान्तरण भन्दा पनि मोलमोलाई, बार्गेनिङ गरेर तैले यति छोड् मैलै यति छोड्छु र मिलनविन्दु खोजेर, बीच विन्दु खोजेर सम्झौतामा टुङ्ग्याउने । अर्को, विचार अन्तरसंघर्ष र दुई लाइन संघर्षलाई अतिरन्जना गर्ने, सत्यतथ्य केलाएर कन्भेन्स गर्नेभन्दा वैचारिक अस्वस्थता देखाउने गाली गलौजको भाषा प्रयोग गर्ने, विना प्रमाणित मनोगतवादी तथ्य र तर्क पेश गर्ने र फरक मतलाई उत्तेजित पार्ने, मुख देखेपछि मुन्टो फर्काउने, फूटलाई प्रोत्साहित गर्ने, सँगै बस्नै नसक्ने बातावरण तयार पार्ने आदि । यी तीन प्रवृत्तिबाट नेपाली कम्युनिष्ट आन्दोलन ग्रसित हुदै आएको छ । अगुल्टोले हानेको कुकुर विजुली चम्कदा तर्सन्छ भने झैं स्वभाविक नियम विपरीत कसैले अन्तर्संघर्ष र दुई लाइन संघर्ष खारेज गर्ने, कोही पार्टीभित्र चल्ने संघर्ष, अन्तर्संघर्ष मात्र हो, दुई लाइन संघर्ष होइन भनेर विश्व दृष्टिकोण, सिद्धान्त, विचार र दर्शन नमिल्दा समेत वर्ग समन्वयको सिद्धान्त अपनाउने, कोही एकता, संघर्ष रूपान्तरण, एकता संघर्ष र अझ उन्नत खालको एकता, एकता संघर्ष आवश्यक पर्दा फूटसम्म र नयाँ आधारमा नयाँ एकता हो । यही क्रान्तिकारी द्वन्द्ववादको नियम, विचार दर्शन र सिद्धान्तमा फरक भइसकेपछि दुई भिन्न विश्वदृष्टिकोण, दुई भिन्न विचार, दुई भिन्न लाइन भइसकेपछि पार्टी एउटै हुन सक्तैन र त्यतिखेर फूट जायज हुन्छ । यसलाई चाहेर पनि बचाउन सकिदैन ।

नेपाली कम्युनिष्ट आन्दोलनमा केशरजंग रायमाझी, मनमोहन र तुल्सीलालको फूटलाई चाहेर पनि बचाउन सकिदैनथ्यो र हुँदैन्थ्यो । अन्य फूटलाई भने नीतिगत गल्ती नगरिकन बचाउन पनि सकिन्थ्यो- पुष्पलाल, मोहन विक्रम र निर्मल लामासँगको फूटलाई । यी सबै परिघटनाबाट चेतेका कम्युनिष्ट आन्दोलनमा अन्तर्संघर्ष दुईलाइन संघर्ष र दुईलाइन संघर्षबाट खारिएर आएका कम्युनिष्ट नेता कार्यकर्ताको अग्रदस्ता नेकपा (क्रान्तिकारी माओवादी)ले अहिले चलेको अन्तर्संघर्ष र दुईलाइन संघर्षलाई ठीक ढंगले उठान र बैठान गरेको छ । आवेग र विवेकको द्वन्द्ववादले हो कि किन हो यो पंक्तिकारले भाग लिएका अन्तर्संघर्ष र दुईलाइन संघर्षहरूमा २०४० मा निर्मल लामासँग फूट २०४२ मा मोहनविक्रम सँगको फूट २०४७ को नेकपा (मशाल), नेकपा (चैगम), सर्वहारावादी श्रमिक संगठन र नेकपा (विद्रोही मसाल) बीचको चार पार्टी एकता ०४८ मंसीरमा भएको एकता महाधिवेशन २०५१ जेष्ठमा भएको फूट, मणी र रविन्द्रको वहिर्गमन, प्रचण्डहरूसँगको विद्रोह २०६९ असार, विप्लबहरूको वहिर्गमन ०७१ मंसीर, वादलहरूको पलायन ०७३ जेष्ठ,सम्मका अन्तसंघर्ष र दुईलाइन संघर्षहरूमध्ये अहिलेको अन्तर्संघर्ष र दुईलाइन संघर्ष व्यवस्थित, लाछन्ना लगाउने भन्दा तर्कद्वारा पुष्टि गर्ने खालको, आवेग र उत्तेजना गौण विवेक र संयमितता प्रधान गलत तर्क र नकारात्मक पात्रको उदाहरण दिंदा विपक्षीले मात्र होइन, आफ्नै भनिने पक्षबाट समेत त्यसो गर्न नहुने तर्क एउटा गुट र समुहको रूपमा होइन तथ्यबाट सत्य पत्ता लगाउने विधिमा आधारित भएर संचालन भयो । हुन त वस्तुबाट चेतना पैदा हुने द्वन्द्ववादको नियमअनुसार यो बेलाको मौसम फुटमा रमाउनेभन्दा पनि देशकै मूल प्रवृत्ति मोटो, विश्व दृष्टिकोण मिल्ने र प्रवृत्ति मिल्ने बीचमा एकताको लहर चलेर पनि हुन सक्छ । एकतालाई रूपान्तरणलाई केन्द्रमा राखेर दुई लाइन संघर्ष र अन्तर्संघर्ष संचालन भयो । यतिसम्म कि उद्घाटन सत्रमा मित्र पार्टीहरूले अब क्रान्तिकारी प्रवृत्ति पनि सचेत प्रयत्नद्वारा छिटो एकतामा पुग्नु पर्छ ।

एकताको कथा हालेर, लामो, जटिल प्रक्रिया बनाएर दीर्घकालीन हिसाबले पार्टी एकतामा पुग्ने गरी कार्यगत एकता मात्र गरेर पुग्दैन 'मरेपछि गर्ने एकताको केही अर्थ छैन पुरानो पुस्ताका जिम्मेवार र नेतृत्वले आफ्नै जीवनकालमा परिवर्तन र परिणाम ल्याउने गरी एकता गर्नु पर्छ' भन्दा उद्घाटन समारोहमा उपस्थितहरूले करतल ध्वनी र साई-साई सुई-सुई सुसेलीसहित ऐक्यवद्धता जनाएका थिए । यद्यपि केन्द्रीय समितिको मुख्य हिस्सामा त्यस्तो देखिएकोले पनि त्यस्तो अनुभूति हुन सक्छ । हलमा उपस्थित नौजवाहरूले विधि र प्रक्रियालाई सहायकै बनाएर भएपनि, उठेका विषयलाई किनारा नै लगाउनुपर्ने, वाद-विचार र पार्टी नामबारे राष्ट्रिय सम्मेलनको सार्वभौमिकतालाई ख्याल गरिएन भनेर निर्णयमा केही कमरेडहरूले ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# घोषणा पत्र

यतिखेर नेपाल मण्डलमा चुनाउ आएको छ । सानादेखि ठूलासम्म, भुरेदेखि टाकुरेसम्मका राजनीतिक दलहरू सबैलाई चुनाउले घचेटेको छ । 'खाए खा नखाए घिच' जस्तो गरी नेपाली रैती मनुखेहरूलाई चुनाउ मुखमुख आएर कोचिएको छ । नेपाल मण्डलको विकास भनेकै चुनाउ हो । जबजब चुनाउ आउँछ तबतब लाउके दलहरूले राताराात झिलिमिलि झ्याइँ गर्दै विकासे पोका खोल्छन् । विकासका पोका पन्तुरा रैतीहरूका घरघरमा लगेर हुलिदिन्छन् । यो बडा गजबको विकासे काइदा छ । यहाँ जमिनमा विकास गर्नु पर्दैन । मनुखे समुदायमा पनि विकास गर्नु पर्दैन । हरेक चुनाउमा कागजमा विकास गरे पुग्छ । रैती मनुखेलाई पनि त्यस्तै विकास चाहिन्छ । चुनाउमा सोमरसे झोल र राँगा, खसी, सुँगुर र ब्रोइलरका साँप्रा गच्छे र भक्ष अन्सार वितरण गरिए पुग्छ । त्यसैले कागजमा विकास गर्नेहरूलाई नै चुनाउमा जिताइदिन्छन् । यो पृथ्वी मण्डलका अरू मुलुकतिर यस्तो विकासे काइदा सायद छैन होला । ठूला लाउके दलहरूले आआफ्नो चुनाउका घोषणा पत्रहरूमा यति धेरै विकास गर्छन् कि सबैको विकास जोड्दा ठूलठूला विकसित मुलुकलाई पनि जिताउँछन् ।

यतिखेर केन्द्रीय संसद र प्रदेश संसदको चुनाउ हुन लागेको छ । अहिलेको संविधान लेखेका मुखियाहरू आफैंले लेखेको संविधानबाट आतङ्कित भएर आआफ्ना जातभात, थरगोत्र र कुलकुलायन मिल्नेहरूका बिचमा गठबन्धन बनाएका छन् । एउटा चारतारे दलको मियोमा लोकतन्त्रे गठबन्धन र अर्को सूर्यछापको मियोमा बामपन्थे गठबन्धन बनेको छ । गठबन्धे तौल अन्सार चुनाउमा सीटको भागबण्डा लगाएका छन् । यसरी गठबन्धन बनाउँदा पनि चुनाउ जित्ने दलका कार्यकर्ता नेताप्रति विश्वास नभएर जित्न सक्ने उमेद्वार खोज्दै जाँदा ठूला ठूला राष्ट्रिय स्तरका डन र तस्करहरू पनि छानेका छन् । उनीहरूको घोषणा पत्र पनि त्यस्तै प्रकारको छ । उनीहरूको घोषणा पत्रको साझा अबधारणाहरूको सारसङ्क्षेप यस प्रकार छ -

'हाम्रो गठबन्धनले यो चुनाउमा निम्नानुसारको प्रतिवद्धताको घोषणा गर्दछ ।

१. सर्ब प्रथम हाम्रो गठबन्धनमा आउने दलहरूलाई दुबै तहको चुनाउमा साठी चालिसको भाग लगाइने छ । यो नीति दल एकता गर्दा नेता छान्ने मुद्दामा पनि लागू हुने छ । भूरेभारे दलहरूलाई ठूला दलले अनुदानमा दिएका सीटमा चित्त बुझाउनु पर्ने छ ।

२. चुनाउमा उमेद्वार उठाउँदा प्रसस्त पैसा खर्च गर्न सक्ने, डनहरू परिचालन गर्न सक्ने र रैतीहरूलाई भोजभतेरमा लठ्याएर भोट तान्न सक्ने, थोकमा भोट खसाल्ने चुल्ठे मुन्द्रे परिचालन गर्न सक्ने हुति भएका, चुनाउ जितेपछि दललाई प्रसस्त पैसा कमाएर दिन सक्ने, विदेशी प्रभुहरूको इसाराअन्सार चल्न सक्ने, सोहीअन्सार उनीहरूका फाइल सदर गराउन भूमिका खेल्नेलाई प्राथमिकता दिइने छ ।

३. दलको स्वार्थअन्सार संविधान संसोधन गर्नु परेमा, सरकार फेरवदल गर्नु परेमा दलले अह्रनखटन गरेअन्सार खुरुखुरु सहीछाप ठोक्ने उमेद्वार हुनुपर्ने छ ।

४. संसद विकास कोषवापत वितरण गरिने बजेट आफूखुसी संसदहरूले वितरण गर्ने छैनन् । स्थानीय पार्टी नेताहरूले बाँडेको आधारमा विकासे फाइल सदर गरी उक्त रकम आआफ्ना दलका लठ्ठेमुङ्ग्रे, चुल्ठेचौँठे र हनुमानहरूलाई वितरण गरिने छ ।

५. मन्त्री तथा सांसदहरूले स्वकीय सचिव र कर्मचारीहरू राख्दा पहिलो प्राथमिकतामा लोग्नेको स्वास्नी र स्वास्नीको लोग्ने, त्यसपछि छोराछोरी, भाइभतिजा, भान्जाभान्जी, सालासाली, ज्वाईं, बुहारी र त्यसउप्रान्त सुमेरु पर्वत घुम्ने कार्यकर्ताहरूको चयन गरिने छ ।

६. मन्त्रीमण्डल बनाउँदा सबै गुटको प्रतिनिधित्व हुने गरी हरेक पुराना मन्त्रीमण्डलको रेकर्ड तोड्दै नयाँ नयाँ इतिहास रच्ने र गिनिज बुकमा रेकर्ड राख्ने गरी जतिसक्यो जम्बो बनाएर देशको शीर सगरमाथा भन्दा उँचो राख्ने गरी बनाइने छ ।

७. मन्त्रीहरूलाई मन्त्रालय नपुग भएको खण्डमा आवश्यक्ताका आधारमा नयाँ मन्त्रालय थप गरिने छ ।

८. माथि र तल दुबै तहका सरकारका भिआइपिहरूका साथै मन्त्री र सांसदहरूको समेत आजिवन सुविधाको व्यवस्था गर्न संविधान संसोधन गरिने छ ।

९. सरकार निर्माण गर्दा र संविधान संसोधन गर्दा विगतमा संसदमा धेरै दल भएर अप्ठ्यारो परेको हुनाले अव उप्रान्त दुईदलीय सिस्टम लागू गर्न अन्य सानातिना भुरेभारे दलहरूलाई संविधानमै नियोजन गरिने छ र निर्वाचन आयोगलाई त्यस्ता दल दर्ता नगर्न कडा निर्देशन दिइने छ । यदि खुलिहालेमा प्रतिवन्ध लगाई पूँजीवादी प्रजातन्त्र र लोकतन्त्रको सम्मान गर्दै प्रभुहरूको आदेश पालना गरिने छ ।

१०. विकासे बजेट लागू गर्दा विगत पञ्चप्रेतका पालादेखि कायम भइआएको विधि असारमसान्तमा सक्ने कुरालाई कायम राख्दै अझ त्यसलाई परिमार्जन गर्दै ठेकेदार कम्पनी दलभित्रबाटै खोलिने छ । बाहिर भएका कम्पनी मालिकहरूलाई पनि दलभित्रै छिराउने र डनहरू सरकार र संसदमै रहने हुनाले कागजमै मिलाएर बजेट फ्रिज हुन नदिने व्यवस्था गरिने छ ।'

उपर्युल्लिखित प्रतिवद्धताहरू यस चुनाउका सन्दर्भमा निर्माण भएका दुबै पक्षका गठबन्धनीय दलहरूका घोषणा पत्रबाट लिइएका साझा अवधारणाहरू हुन् । यिनै अवधारणाका आधारमा गठबन्धनीय दलहरूलाई रैती मनुखेहरूले भोट हाल्नु पर्ने छ ।

*१२ कात्तिक २०७४*

kailubraha73@gmail.com



# संसदीय व्यवस्थाको फासिवादीकरण हुँदै गएको छ

**● मोहन वैद्य'किरण'**, महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)

*(२६ असोज, २०७४ मा नेकपा (क्रान्तिकारी माओवादी)को ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन पोखरामा सम्पन्न भएको छ । सम्मेलनले विचार, राजनीति, संगठन र संघर्षको क्षेत्रमा दूरगामी महत्व राख्ने निर्णयहरू गरेको छ । नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी धारको नेतृत्व गर्दै आएको क्रान्तिकारी माओवादी मुलुकको राजनीतिमा वैकल्पिक शक्तिको रूपमा अगाडि आइरहेको छ । मुलुकमा कथित वाम र लोकतान्त्रिक दुई खेमामा राजनीति ध्रुवीकृत हुँदै गएको अवस्थामा क्रान्तिकारी माओवादीले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको तेस्रो राजनीतिक ध्रुवीकरणको आव्हान पनि गरेको छ । निर्वाचनको उपयोग गर्दै वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्ने र जनसम्बन्ध सुदृढ गर्ने उद्देश्य राखेर कार्यनीतिक रूपमा अगाडि बढिरहेको क्रान्तिकारी माओवादीले नेपालमा नयाँ जनवादी क्रान्तिको तयारीलाई फरक ढंगले अगाडि बढाइरहेको छ । यिनै समसामयिक विषयमा केन्द्रित रहेर क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'सँग गरिएको कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ : सम्पादक)*

***नेकपा (क्रान्तिकारी माओवादी)को प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । आफ्नो उद्देश्यमा यो सम्मेलन कति हदसम्म सफल हुन सक्यो ? विगतका राष्ट्रिय सम्मेलनहरूलाई दाँजेर हेर्दा यो सम्मेलन कस्तो रहन गयो ?***

हाम्रो बहुप्रतीक्षित प्रथम राष्ट्रिय सम्मेलन महत्वपूर्ण उपलब्धिहरू हासिल गर्दै सफलतापूर्वक सम्पन्न भएको छ। विचारधारा, राजनीति र संगठन लगायतका क्षेत्रमा कार्यदिशालाई समृद्ध तुल्याउने उद्देश्य प्राप्तिको जुन अपेक्षा गरिएको थियो, त्यो मूलतः हासिल भएको छ । यसलाई अरु कुनै सम्मेलनसित तुलना नगरौं, हरेक सम्मेलनको आफ्नो विशिष्ट ऐतिहासिक महत्व हुन्छ । यस सम्मेलनको पनि त्यही महत्व रहेको छ ।

***विचार, राजनीति, संगठन र संघर्षको क्षेत्रमा राष्ट्रिय सम्मेलनले गर्न खोजेको दिशानिर्देशको बारेमा प्रष्ट्याइदिनुस् न ।***

नेपाली कम्युनिस्ट आन्दोलनको दक्षिणपन्थी तथा पश्चगामी वृत्तमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसकेपछि नेपालमा नयाँ जनवादी क्रान्ति पुरा भयो भनेर जुन हल्ला मच्चाउने र आफ्नो अवसरवादी चिन्तनमा जसरी पर्दा हाल्ने काम हुँदै आएको थियो त्यसलाई चिर्न यस सम्मेलनले महत्वपूर्ण भूमिका खेलेको छ । सम्मेलनमा देश अझै पनि अर्ध सामन्ती, अर्धऔपनिवेशिक तथा मुख्यतः नव-औपनिवेशिक अवस्थामा रहेकोले दलाल नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवाद/विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ र यस प्रकारको क्रान्तिको तयारीका निम्ति सैद्धान्तिक, राजनीतिक, सांगठनिक तथा संघर्ष सम्बन्धी काममा दृढतापूर्वक अगाडि बढ्ने निर्णय लिइएको छ ।

***अब गरिने नयाँ जनवादी क्रान्तिको मोडल कस्तो हुनसक्छ र यसका के कस्ता विशेषता हुन सक्छन् ? संक्षिप्तमा प्रकाश पार्न मिल्छ कि ?***

अब गरिने नयाँ जनवादी क्रान्तिमा संघर्षका विविध रूप र मुख्यतः बलप्रयोगको भूमिका अपरिहार्य हुन्छ। नेपाली नयाँ जनवादी क्रान्ति नेपाली विशिष्टतामा आधारित हुन्छ । जहाँसम्म मोडेलको प्रश्न हो त्यो संघर्षका विविध रूपहरूका प्रयोगकै बिचबाट विकसित हुन्छ ।

***सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई अहिले देशीविदेशी प्रतिक्रियावादी, दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादीहरूले चौतर्फीरूपमा घेराबन्दी गरेका छन् । पछिल्लो कथित वाम र लोकतान्त्रिक गठबन्धनहरूले थप चुनौती खडा गरेको छ । घेराबन्दी तोड्ने र चुनौतीको सामना गरेर अगाडि बढ्ने विषयमा कसरी सोच्नुभएको छ ?***

हो, हामीलाई सबै खाले प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादीहरूले चौतर्फी रूपमा घेराबन्दीमा पारेकै छन् । यो उनीहरूको विशेषता नै हो । लोकतान्त्रिक गठबन्धन त एक प्रकारले छँदैछ, त्यो कुनै नयाँ गठबन्धन होइन । जहाँसम्म वाम गठबन्धन हो त्यो वाम नभई दक्षिणपन्थी संशोधनवादी गठबन्धन हो । त्यत्ति मात्र होइन, त्यस प्रकारको दक्षिणपन्थी गठबन्धन पश्चगामी राज्यसत्ता र पुरानै संसदीय व्यवस्थाको संरक्षण गर्ने प्रतिगामी गठबन्धन हो । यसरी हेर्दा रूपमा केही फरक जस्तो देखिए पनि सारमा लोकतान्त्रिक गठबन्धन र कथित वाम गठबन्धनका बिच कुनै तात्विक अन्तर छैन । यी सबैले दार्शनिक रूपमा बहुलवाद र राजनीतिक रूपमा संसदीय व्यवस्थालाई आदर्श मानेर त्यसै अनुसार चल्दछन् । आर्थिक सिद्धान्तका दृष्टिले हेर्दा यी सबै नेपालमा साम्राज्यवादी नव-उदारवादका असली संरक्षक हुन् । यी सबैलाई आफ्ना मालिकहरूको चाकडी गरेर सत्तामा जाने भन्दा अर्को कुनै चासो छैन र सत्ताको निम्ति यी देशलाई बली चढाउन पनि तयार हुन्छन् ।

जहाँसम्म घेरा तोड्ने र चुनौतीको सामना गर्ने प्रश्न हो, त्यसका निम्ति यो वेला सर्वप्रथम देश, जनता र साम्यवादको उदात्त आदर्शलाई केन्द्रमा राखेर सैद्धान्तिक, राजनीतिक र व्यावहारिक रूपमा पहिलेभन्दा अझै दृढ र क्रान्तिकारी आशावादले समृद्ध बन्न जरुरी छ । पार्टीको कार्यदिशा र नीतिलाई संघर्षका बिचबाट निरन्तर समृद्ध तथा विकसित तुल्याउँदै जानु पर्दछ । देश र विदेशमा मित्रहरूलाई गोलबन्द गर्नु पर्दछ र क्रान्तिकारी कम्युनिस्टहरूका बिच एकताको प्रक्रियालाई अगाडि बढाउनु पर्दछ । देश र जनताको मुक्तिका निम्ति नयाँ विकल्प बनेर प्रस्तुत हुनु पर्दछ । उक्त गठबन्धनका घेराबन्दी र चुनौती क्रान्तिकारीहरूका लागि महान् अवसर पनि हुन् । हामीलाई क्रान्तिको इतिहासले यस प्रकारको घेराबन्दीलाई तोड्दै र चुनौतीहरूको सामना गर्दै अगाडि बढ्ने दायित्व सुम्पेको छ । हामी त्यो दायित्व संवहन गर्न तयार हुनु पर्दछ ।

सम्मेलनले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू बीचको एकता तथा ध्रुवीकरणमा पनि जोड दिएको पाइयो । त्यसका लागि मित्र पार्टीहरूसँग ***केही मूर्त छलफल अघि बढेको छ कि ? एकता वा ध्रुवीकरणको सम्भावना र आधार कस्तो पाउनु भएको छ ?***

निश्चित रूपमा सम्मेलनले क्रान्तिकारी कम्युनिस्टहरूका बिचको एकता र ध्रुवीकरणमा जोड दिएको छ । यो ऐतिहासिक आवश्यकता हो । यो वेला जो जता भएपनि अवसरवादीहरू एकातिर र क्रान्तिकारीहरू अर्कोतिर हुनै पर्दछ । यो इतिहासको माग हो । हामीले यस दिशामा पहल अगाडि बढाएका छौं । यस प्रकारको एकीकरण र ध्रुवीकरणका निम्ति समय लाग्दछ, हतारिएर हुँदैन । यो अवसरवादका लागि उभार र क्रान्तिकारीहरूका लागि मन्दीको समय हो । प्रतिक्रियावादीहरू जस्तै अवसरवादीहरू पनि महासंकटकै भुमरीमा फँस्तै छन् । हामी क्रान्तिको तयारीमा लाग्नु पर्दछ । इतिहासले निश्चित रूपमा कोल्टे फेर्दछ । त्यो बेला अवसरवादीहरू मन्दी र क्रान्तिकारीहरू उभारको अवस्थामा बदलिन पुग्दछन् ।

***सम्मेलनमा फरक मत पनि आएको सार्वजनिक भएको छ । त्यसको व्यवस्थापन कसरी गर्नुभयो ? पाटीभित्र चल्ने अन्तर्संघर्ष तथा दुईलाइन संघर्षलाई कम्युनिष्ट क्रान्तिकारीहरूले कसरी लिन जरुरी छ ?***

राष्ट्रिय सम्मेलनमा फरक मत आएका थिए । फरक मत आउनु स्वाभाविक हो । हामीले फरक मतको व्यवस्थापन गरिसकेका छौं । हामी भौतिकवादी द्वन्द्ववादको पक्षमा छौं । भौतिकवादी द्वन्द्ववादका अनुसार हरेक वस्तु र परिघटना जस्तै पार्टी पनि एकता, संघर्ष र रूपान्तरणको प्रक्रियाका बिचबाट अगाडि बढ्दछ । यसरी नै अन्तःसंघर्ष वा दुई लाइन संघर्ष विकसित हुन्छ । हामीले द्वन्द्ववादको यसै एकता, संघर्ष र रूपान्तरणको विधिलाई आधार बनाएर फरक मतको ब्यवस्थापन गर्ने प्रयास गरेका छौं ।

***सम्मेलनले निर्वाचनको उपयोगको कार्यनीति पास गरेछ । थ्रेसहोल्ड, प्रत्यक्षतर्फ १ सिट जित्नैपर्ने जस्ता बाध्यकारी प्रावधान राखिएको अवस्थामा निर्वाचन उपयोगको कार्यनीतिले पार्टीको रणनीतिको सेवा तथा सहयोग कसरी पुऱ्याउने देख्नुहुन्छ ?***

सम्मेलनमा निर्वाचन उपयोगको नीति पारित गरिएको छ । यो नीति सही नै छ । हामी रणनीतिक उपयोग र रणनीतिक बहिष्कार दुवैको विरोधमा छौं । तर यो वेला अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै सन्दर्भमा ध्यान दिनुपर्ने कुरा के हो भने अब उपयोग र बहिष्कारलाई हिजोकै अर्थमा बुझ्नु हुँदैन । संसदीय व्यवस्थाको फासिवादीकरण हुँदै गएको छ । थ्रेसहोल्डको व्यवस्था त्यसैको एउटा ठोस उदाहरण हो । यसबाट दुई ओटा कुरा स्पष्ट हुन्छन् । पहिलो, थ्रेसहोल्डको व्यवस्थाले संसदीय व्यवस्थाको बहुदलीयता र बहुलवादमा गंभीर प्रश्नचिन्ह खडा गरेको छ । यसले बहुदल र बहुलवाद होइन दुई वा तीन दलीय अवधारणालाई पुष्टि गर्दछ । यो सिद्धान्ततः बहुदलीय व्यवस्थाको असफलता र पतनको द्योतक हो । दोस्रो, थ्रेसहोल्डले रणनीतिक रूपमा संसदीय व्यवस्था आफ्नो सारतत्वका धनाढय, साहु महाजन तथा एकाधिकारी पुँजीपति अर्थात् साम्राज्यवाद/विस्तारवाद र तिनका दलालहरूको अधिनायकवाद हो भन्ने कुरालाई राम्रोसँग पुष्टि गरिरहेको छ ।

अर्को कुरा, संसदीय निर्वाचनमा पैसाको खोलो बगाउने तथा सत्ताको दुरूपयोग गरिने काम हुन्छ र त्यो हुँदै आएको कुरा सुस्पष्ट छ । यस्ता चुनावमा प्रगतिशील वा क्रान्तिकारी पक्षले आंशिक जीत हासिल गर्ने सम्भावना पनि धेरै कम हुन्छ । यी सबै कुराको अनुभव हासिल गर्न, यिनै कुरालाई लिएर जनताको बिचमा जान, जनाधार तयार पार्न र सत्ता, व्यवस्था तथा त्यसका पक्षधरहरूको भण्डाफोर गर्नका निम्ति उपयोग गर्दा नै ठीक हुन्छ भन्ने ठहर गरिएको छ । बहिष्कारको नीतिको हालत पनि त्यही नै हो । एक त सत्ता र प्रलोभनका दण्डाको मार बहिष्कारमा पनि पर्ने गर्दछ । अर्कोतिर बहिष्कारभित्र पनि अनेकौं चलखेल र विकृति देखिदै आएका छन् । यसरी हेर्दा अहिलेलाई तुलनात्मक रूपमा हामीले उपयोगलाई नै सही ठानेका छौं । यसले कुनै न कुनै रूपमा रणनीतिको सेवा गर्न र त्यसलाई सघाउन सक्तछ । कतिपय मानिसमा जीत भए उपयोगको नीति सही हुन्छ, अन्यथा होइन भन्ने चिन्तन पनि पाइन्छ, त्यो गलत हो । केवल जीतको मानसिकता मात्र पनि एक प्रकारको अवसरवाद नै हो ।

***पार्टीले देजमोमार्फत् स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गरेको पृष्ठभूमिमा यो कार्यनीति कत्तिको चुनौतीपूर्ण वा सहज छ ? निर्वाचन उपयोगको आर्थिकलगायतको व्यवस्थापन कसरी गर्नुभएको छ ?***

-उपयोगको कार्यनीति सहज होइन चुनौतीपूर्ण छ । आर्थिक व्यवस्थाको कुरा जटिल नै छ । यसबारे बढी तर्क गरिरहनै पर्दैन । परन्तु, क्रान्तिकारीहरूले जुन जटिल र चुनौतीपूर्ण छ, त्यसैलाई रोज्नुपर्ने हुन्छ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू दिनदिनै निकै विकराल बन्दै गएका छन् । निर्वाचनले यी मुद्दाहरूलाई ओझेलमा पारिरहेको छ। यी समस्याहरूको वास्तविक समाधान कसरी गर्न सकिन्छ ?***

हो, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू साँच्चै गंभीर बन्न गएका छन् । तिनमा पनि अब राष्ट्रियताको प्रश्न झनै सम्वेदनशील बन्न गएको छ । निर्वाचनले यी मुद्दालाई तत्काल ओझेलमा पारे पनि दीर्घकालीन रूपमा ती ओझेलमा पर्न सक्तैनन् । तिनको समाधानका लागि क्रान्ति अनिवार्य रूपमा आवश्यक छ । हामी त्यही क्रान्तिको तयारीको प्रक्रियामा छौं ।

***अक्टोबर क्रान्तिको शतवार्षिकीका सन्दर्भमा पार्टीले के कस्ता कार्यक्रमहरूको आयोजना गरेको छ ?***

रुसमा १९१७ मा कम्युनिस्ट पार्टीको नेतृत्वमा सम्पन्न समाजवादी क्रान्तिका रूपमा सुपरिचित अक्टोबर क्रान्तिको विश्वव्यापी ऐतिहासिक तथा युगान्तकारी महत्व रहेको छ । त्यस क्रान्तिको शतवार्षिकीका सन्दर्भमा स्वतन्त्र र संयुक्त रूपमा केही कार्यक्रम सम्पन्न गरिएका छन् । सो अवसरमा पार्टीको केन्द्रीय मुखपत्रलाई विशेषाङ्कका रूपमा प्रकाशित गरिदैछ । साथै, सोही अवसरमा एउटा कार्यक्रम पनि आयोजना गरिने छ ।

***अन्तमा, नयाँ जनवादी क्रान्तिका पक्षधर आम जनसमुदाय, सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू तथा देशभक्त शक्तिमा के आव्हान तथा अपील गर्न चाहनुहुन्छ ?***

उहाँहरू सबैको चासो तथा जिज्ञासाका सन्दर्भमा मैले कतिय विषयलाई उल्लेख गरिसकेको छु । तै पनि म वहाँहरूसित के भन्न चाहन्छु भने प्रतिक्रियावादी र प्रतिक्रियावादमा पतन भइसकेका दक्षिणपन्थी संशोधनवादीहरू अहिले रूपमा बलिया बन्दै गएका छन् । परन्तु, त्यो क्षणिक हो । क्रान्तिकारीहरू शक्तिशाली बन्दै जाने कुरा सुनिश्चित छ । हामी सबै नयाँ ढंगले क्रान्तिको तयारीमा जुटौं !

- **'थ्रेसहोल्डको व्यवस्थाले संसदीय व्यवस्थाको बहुदलीयता र बहुलवादमा गंभीर प्रश्नचिन्ह खडा गरेको छ। यसले बहुदल र बहुलवाद होइन दुई वा तीन दलीय अवधारणालाई पुष्टि गर्दछ। यो सिद्धान्ततः बहुदलीय व्यवस्थाको असफलता र पतनको द्योतक हो। र, थ्रेसहोल्डले रणनीतिक रूपमा संसदीय व्यवस्था आफ्नो सारतत्वका धनाढय, साहु महाजन तथा एकाधिकारी पुँजीपति अर्थात् साम्राज्यवाद/विस्तारवाद र तिनका दलालहरूको अधिनायकवाद हो भन्ने कुरालाई राम्रोसँग पुष्टि गरिरहेको छ।'**
- **'घेराबन्दी र चुनौती क्रान्तिकारीहरूका लागि महान् अवसर पनि हुन्।'**
- **'क्रान्तिको तयारीका निम्ति सैद्धान्तिक, राजनीतिक, सांगठनिक तथा संघर्ष सम्बन्धी काममा दृढतापूर्वक अगाडि बढ्ने निर्णय लिइएको छ। अब गरिने नयाँ जनवादी क्रान्तिमा संघर्षका विविध रूप र मुख्यतः बलप्रयोगको भूमिका अपरिहार्य हुन्छ। नेपाली नयाँ जनवादी क्रान्ति नेपाली विशिष्टतामा आधारित हुन्छ।'**

# लेनिन र अवसरवाद–विरोधी संघर्ष



कृष्णदास श्रेष्ठ

आजभन्दा ठीक साठी वर्षअघि, अर्थात् जनवरी २९, १९२४ का दिन हाम्रो शताब्दीका एक महान विभूतिको निधन भएको थियो । सो विभूति हुनुहुन्थ्यो- विश्व सर्वहारावर्गका महान नेता तथा गुरु भ्लादिमिर इलिच लेनिन ।

लेनिन महान अक्टोवर समाजवादी क्रान्तिका प्रमुख संगठनकर्ता तथा नेता हुनुहुन्थ्यो । पहिले पहिलेका क्रान्तिहरूबाट एकदमै भिन्न उक्त क्रान्ति बिसौं शताब्दिको पहिलो विश्व-ऐतिहासिक महत्वको घटना थियो, जसले विश्वको छ खण्डको एक खण्ड भूभागलाई पुँजीवादी व्यवस्थाबाट अलग पारी मानवजातिको इतिहासमा एउटा नयाँ युगको सूत्रपात गऱ्यो र मानव मुक्ति संघर्षको इतिहासमा एउटा नयाँ अध्याय शुरु गऱ्यो ।

लेनिन बोल्सेविक पार्टीका संस्थापक हुनुहुन्थ्यो, त्यस पार्टीका प्रमुख संस्थापक, जसले अक्टोबर समाजवादी क्रान्तिको महान विजयमा र विश्वमा पहिलो समाजवादी राज्यको स्थापनामा सफल नेतृत्व प्रदान गऱ्यो ।

फ्रेडरिक एन्जेल्सको मृत्युपछि विभिन्न क्षेत्रहरूबाट र विभिन्न खालका अवसरवादीहरूबाट मार्क्सवादमाथि भएको भयानक हमलाहरूको मुकाविला गरी त्यसका विरुद्ध क्रान्तिकारी सिद्धान्तहरूको रक्षा गर्ने ज्यादै गम्भीर तथा बोझिलो भार बोक्ने प्रमुख व्यक्ति लेनिन हुनुहुन्थ्यो । उहाँ तेस्रो इन्टरनेशनलका संस्थापक हुनुहुन्थ्यो, जसले सारा संसारका मार्क्सवादीहरूलाई आफ्नो झण्डामुनि संगठित गरेर नेतृत्व प्रदान गऱ्यो र विश्व क्रान्तिकारी आन्दोनलाई निकै अगाडि बढायो । मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरूको संरक्षण गरेर त्यसलाई नयाँ युगको, साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको विशिष्टताहरूमा रचनात्मक ढंगले लागू गरेर लेनिनले मार्क्सवादलाई नयाँ चरणमा विकसित गर्नुभयो । लेनिनवाद त्यही नयाँ चरण थियो, मार्क्सवादको विकासमा एक ऐतिहासिक खुड्किलो थियो । ठीकसित के भनिएको छ भने लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो ।

यस सानो लेखमा विभिन्न गैर-सर्वहारा विचारधाराहरूको विरुद्ध, संशोधनवाद तथा अवसरवादको विरुद्ध लेनिनले जुन संघर्ष चलाउनु भएको थियो, त्यसबारे संक्षिप्त चर्चा गरिनेछ । त्यो संघर्ष लेनिनको राजनीतिक जीवनको एक अभिन्न, अति महत्वपूर्ण अंग थियो ।

लेनिन संशोधनवाद तथा अवसरवादको कट्टर विरोधी हुनुहुन्थ्यो र त्यससित कुनै पनि प्रकारको सम्झौता तथा मेल गर्ने पक्षमा हुनुहुन्नथ्यो । आफ्नो समयमा विभिन्न रूप लिएर देखापरेका संशोधनवादी तथा अवसरवादी प्रवृत्तिहरूको विरुद्ध उहाँले अथकित तथा अनवरत रूपमा निर्मम तथा सम्झौताहीन संघर्ष चलाउनुभयो । उहाँको दृढ मत के थियो भने जनताको क्रान्तिकारी आन्दोलनलाई सफलतापूर्वक अघि बढाउने हो भने, समाजवादको निर्माण गर्ने हो भने, सर्वहारावर्गले आफ्नै सच्चा क्रान्तिकारी पार्टीको निर्माण गर्नुपर्छ । त्यस्तो पार्टी, जसले अवसरवादसित पूरै रूपमा नाता तोडेको हुन्छ । उहाँको भनाइ अनुसार, अवसरवाद भनेको मजदूर आन्दोलनभित्र पुँजीवादी प्रभाव हो, र संशोधनवाद तथा अवसरवादको विरुद्ध संघर्ष क्रान्तिको लागि, जनमुक्तिको लक्षका लागि अति महत्वपूर्ण रहेको हुन्छ ।

आफ्नो जीवनकालमा लेनिनले रुसी मजदूर आन्दोलन र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्रका विभिन्न गैर-सर्वहारा विचार तथा प्रवृत्तिहरू र विभिन्न खालका अवसरवादीहरूको विरुद्ध संघर्ष गर्नुभयो । शुरुमा उहाँले एक गैर-मार्क्सवादी धारा नरोद्‌वादको विरुद्ध संघर्ष चलाउनु भयो, जुन धारा आमजनतको तागतमा विश्वास नगरेर व्यक्तिगत आतंकवाद तथा व्यक्तिहत्याको वकालत गर्दथ्यो र जुन धारा त्यसबेला रुसमा मार्क्सवादको प्रचार प्रसारको लागि र मार्क्सवादी पार्टी बनाउनका लागि मुख्य बाधा बनेको थियो । उहाँले सर्वहारा क्रान्तिको सिद्धान्त र सर्वहारा अधिनायकतन्त्रको परित्याग गर्ने 'कानुनी मार्क्सवाद' र 'कानुनी मार्क्सवादीहरू'को घोर आलोचना गर्नुभयो । अनि 'अर्थवाद', जसले के वकालत गर्थ्यो भने मजदूरहरूले आर्थिक संघर्ष मात्र चलाउनु पर्छ र राजनीतिक काम पुँजीपतिहरूको जिम्मामा छाड्नु पर्छ, त्यसको विरुद्ध संघर्ष चलाउनु भई लेनिनले धेरै महत्वपूर्ण मार्क्सवादी प्रस्थापनाहरू प्रस्तुत गर्नुभयो ।

एन्जेल्सको मृत्युपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सर्वत्र अवसरवादीहरू देखा परे र तिनीहरूले क्रान्तिको विरुद्ध र सर्वहारा अधिनायकतन्त्रको विरुद्ध शान्तिपूर्ण संक्रमणको सिद्धान्तको वकालत गरे । त्यो मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरूलाई 'संशोधन' गर्ने पहिलो प्रयत्न थियो, र बर्न्सस्टीनवाद त्यसको ठोस तथा पूर्ण अभिव्यक्ति थियो । विभिन्न मुलुकका अवसरवादीहरूले सैद्धान्तिक रूपमा बर्न्सस्टीनवादको अनुसरण गरे । दोस्रो इन्टरनेशनलको नेतृत्व लिएर बसेका ट्राट्स्की लगायत कतिपय नेताहरूले सिद्धान्ततः आफूलाई पतित बनाएर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गम्भीर संकट ल्याए । लेनिनले ती सारा नेताहरू र मार्क्सवादलाई भुत्ते पार्ने तिनीहरूका घृणित प्रयत्नहरूको विरुद्ध मोर्चा लिनुभयो र त्यसमाथि कठोर हमला गर्नुभयो । एकातिर मार्क्सवादीहरू र अर्कोतिर संशोधनवादी तथा अवसरवादीहरूकाबीच चलेको सो पहिलो महान संघर्षमा लेनिनले संसारका सारा मार्क्सवादीहरूको नेतृत्व गर्नु भई मार्क्सवादका आधारभूत सिद्धान्तहरूको संरक्षण र विकास गर्नुभयो ।

मार्क्सवादलाई पुँजीपतिवर्गको स्वार्थ अनुरूप बनाउने दोस्रो इन्टरनेशनलका अवसरवादी नेताहरूको प्रयासको विरुद्ध निर्मम संघर्ष चलाउँदै लेनिनले मार्क्सवादका आधारभूत सारतत्वलाई स्पष्ट तथा टड्कारो रूपमा प्रस्तुत गर्नुभयो । मार्क्सवादीहरूलाई अवसरवादीबाट छुट्याउने मुख्य चीज कुन हो भन्ने कुरालाई स्पष्ट पार्दै उहाँले के भन्नुभयो भने ती दुईको बीचमा भेद छुट्याउने मुख्य कसौटी सर्वहारावर्गको अधिनायकतन्त्रप्रतिको दृष्टिकोण हो । सर्वहारा अधिनायकतन्त्रको विरोध गर्नुको अर्थ मार्क्सवादकै परित्याग गर्नु हो भन्ने तथ्यतर्फ औंल्याउँदै उहाँले के बताउनु भयो भने सर्वहारावर्गको अधिनायतन्त्रको सिद्धान्त मार्क्सवादी सिद्धान्तको सबभन्दा आधारभूत तत्व हो, मार्क्सवादको मूल सार हो ।

दक्षिणपन्थी अवसरवाद कम्युनिष्ट आन्दोलनभित्रको मुख्य शत्रु मानेर त्यसको विरुद्ध निर्मम संघर्ष चलाउनुका साथै लेनिनले अर्को तर्फबाट, अर्थात् बायाँबाट मार्क्सवादमाथि गरिएको हमलाको विरुद्ध पनि संघर्ष गर्नुभयो । निम्नपुँजीवादी क्रान्तिवादको रूपमा, जड्सूत्रवाद, संकीर्णतावाद तथा दुस्साहसवादको रूपमा रहेको 'बामपन्थी' अवसरवाद पनि क्रान्तिका लागि हानिकारक तथा खतरनाक हुन्छ भन्ने कुरोलाई देखाउनु भई उहाँले कुन कुरामा बारम्बार जोड दिनुभयो भने दक्षिणपन्थी अवसरवादका साथै 'बामपन्थी' अवसरवादको विरुद्ध संघर्ष गर्नु पनि आवश्यक छ, किनभने यी दुवै धाराहरू मार्क्सवाद-विरोधी हुन् । आफ्नो सुप्रसिद्ध कृति 'बामपन्थी कम्युनिजम, एक बालरोग' मा उहाँ अरु मुलुकको नक्कल गर्ने प्रवृत्ति, वैधानिक अवसरहरूको प्रयोग गर्न इन्कारी आदि विभिन्न रूपमा देखापरेका 'बामपन्थी' प्रवृत्तिहरूको गहन आलोचना गर्नुभयो ।

यसरी लेनिनले दक्षिणपन्थी तथा 'बामपन्थी' अवसरवादको विरुद्ध मार्क्सवादलाई भुत्ते तथा अनुपयोगी पार्ने प्रयत्नको विरुद्ध, राजनीतिक मूर्ख्याइँ तथा फोहरमैलाको विरुद्ध, नक्कली मार्क्सवादी तथा आलाकाँचा मार्क्सवादीहरूको त्यही संघर्षद्वारा र त्यही संघर्षको क्रममा नै मार्क्सवाद नयाँ ऐतिहासिक चरणमा अर्थात् लेनिनवादको चरणमा विकसित भयो । स्टालिन भन्नु हुन्छ :

....पश्चिममा केन्द्रवाद (ट्राट्स्की) र हाम्रो मुलुकमा केन्द्रवाद (ट्राट्स्की) लगायत सबै खालका अवसरवादको विरुद्ध निर्मम संघर्षमा लेनिनवाद जन्मियो, हुर्कियो र बलियो भयो ।'

मार्क्सवाद 'वस्तुतः आलोचनात्मक र क्रान्तिकारी' छ र संघर्षबाट मात्र त्यसको विकास हुन सक्छ । अवसरवादको विरुद्ध दृढ संघर्ष चलाउने लेनिनका तरिका तथा भावना एकमात्र सच्चा मार्क्सवादी तरिका तथा भावना हो । अवसरवाद-विरोधी संघर्ष मार्क्सवादी-लेनिनवादी भावनाको एक अभिन्न अंग हो । हाम्रो मुलुकका मार्क्सवादी-लेनिनवादीहरू लगायत साराका सारा मार्क्सवादी-लेनिनवादीहरूले उक्त भावनालाई ग्रहण गरेर त्यस अनुरूप काम गर्नुपर्छ । आफ्नो समय र मुलुकको कम्युनिष्ट आन्दोलनभित्र नाना रूपमा देखापर्ने अवसरवादीहरू, (दक्षिणपन्थी र बामपन्थी) विश्वासघातीहरू, मौका खोजुवा वा क्यारिरिष्टहरू, आदिलाई चिनेर तिनीहरूको भण्डाफोर गर्नु र तिनीहरूलाई आमजनताबाट अलग्याउनु--आफूलाई मार्क्सवादी-लेनिनवादी भन्ने सबैको एक गम्भीर कर्तव्य हो ।



# हाम्रो क्रान्तिबारे

**• लेनिन**

**(नि. सुखानोभका टिप्पणीहरूको प्रसंगमा)**

हालसालै म क्रान्तिबारे सुखानोभका टिप्पणीहरू हर्दै थिएँ । दोस्रो इन्टरनेशनलका सबै महापुरुषहरूको जस्तै हाम्रा सबै निम्नबर्जुवा जनवादीहरूको पण्डित्याईं पनि यहाँ विशेष स्पष्टतासहित देखा पर्न जान्छ । यिनीहरू सान्है काँतर मात्र भएका होइनन्, जर्मन आदर्शबाट अलिकता पनि पछि हट्ने प्रश्न उठ्नासाथ यिनीहरूका सबभन्दा गतिला मान्छेहरू पनि नानाथरीका बहाना बनाएर आफ्नो बचावट गर्न खोज्छन् । यो विशेषताबाहेक, जुन प्रायः निम्न बुर्जुवा जनवादीहरूमा एकैनासले भेट्टाइन्छ र पुरा क्रान्तिकालमा नै यिनीहरूले आफ्नो निम्नबुर्जुवा चरित्रको परिचय यथेष्ट मात्रामा दिइसकेका छन्, अर्को निकै घोच्ने कुरा के छ भने यिनीहरू आँखा चिम्लेर अतीतको अनुकरण गर्दछन् ।

यिनीहरू आफूलाई मार्क्सवादी भन्ने गर्छन्, तर मार्क्सवादसम्बन्धी यिनीहरूको समझदारी असम्भव तरिकाले पाण्डित्याईंपूर्ण हुने गर्दछ । मार्क्सवादको आधारभूत कुरा अर्थात् यसको क्रान्तिकारी द्वन्द्ववादलाई यिनीहरूले ठ्याम्मै बुझेका छैनन् । क्रान्तिका क्षणहरूमा ज्यादाभन्दा ज्यादा लचिलोपनको आवश्यकता हुन्छ भन्ने मार्क्सको त्यो उक्ति यिनीहरूले देख्या नदेख्यै गरे, जुन उहाँले आफ्नो पत्रमा, मेरो विचारमा सन् १८५६ तिरको पत्रमा मजदूर आन्दोलनसँग जेलिएको किसान युद्धले जर्मनीमा क्रान्तिकारी स्थितिको प्रादुर्भाव गर्न सक्छ भन्ने विचार अभिव्यक्त गर्नुभएको थियो । उनीहरू यस उक्तिको आपसमा र वरिपरि त्यस्तै किसिमले मडारिरहेका हुन्छन्, जसरी कुनै बिरालो खीरको वरिपरि र आसपासमा चक्कर लगाइरहेको हुन्छ ।

उनीहरूको सम्पूर्ण आचरणले उनीहरूलाई काँतर सुधारवादीहरूको रूपमा प्रस्तुत गरेको छ, जो बुर्जुवावर्गसँग सम्बन्ध-विच्छेद् गर्ने कुरा त परै जाओस्, यस वर्गबाट टाढा हट्न समेत डराउँछन्, साथै आफ्नो यो डरछेरुवापन अति निर्लज्ज शब्दाडम्बर तथा डीङबाजीद्वारा ढाकछोप गर्न खोज्छन् । परन्तु विशुद्ध सैद्धान्तिक दृष्टिकोणले समेत यिनीहरूले मार्क्सवादका निम्न धारणाहरू ठ्याम्मै बुझ्न सकेका छैनन् भन्ने कुरा स्पष्ट हुन जान्छ- यिनीहरूले अझसम्म पश्चिमी यूरोपमा पूँजीवादी तथा बुर्जुवा जनवादको एउटै निश्चित बाटो देख्दै आएका छन् र यिनीहरू के कुरा कल्पनासम्म पनि गर्न सक्तैनन् भने मात्र ञगतबतष्क ञगतबलमष्क८ निश्चित संशोधनहरू गरिसकेपछि मात्र (जुन कुरा विश्व इतिहासको आम विकासको दृष्टिकोणले बिलकुल नगन्य छ) यस पथलाई आदर्श ठान्न सकिन्छ ।

पहिलो कुरा- पहिलो विश्वव्यापी साम्राज्यवादी युद्धसँग सम्बन्धित क्रान्ति । यस्तो क्रान्तिमा नयाँ विशेषताहरू अथवा यसै युद्धले पैदा गरेका नयाँ रूपान्तरणहरू देखा पर्नु स्वाभाविक हो किनभने विश्वमा यस्तै परिस्थितिमा यस्तै लडाइँ कहिल्यै भएको थिएन । अहिलेसम्म हामी के देख्दै छौं भने यस युद्धपछि सबभन्दा धनी राष्ट्रहरूमा बुर्जुवावर्ग 'सामान्य' बुर्जुवा सम्बन्ध कायम गर्न असफल भएका छन् । हाम्रा सुधारवादीहरू, ती निम्नबुर्जुवाहरू, जो क्रान्तिकारी भएको ढोंग रच्छन्, सामान्य बुर्जुवा सम्बन्ध नै अन्तिम सीमा हो (यहाँबाट अगाडी बढ्न सकिन्न) भन्ने कुरामा विश्वास गर्दथे र अहिले पनि विश्वास गर्दछन्, फेरि यो 'सामान्यता' उनीहरू एकदम तुच्छ तथा संकीर्ण तरीकाले बुझ्ने गर्दछन् ।

दोस्रो कुरा हो-विकासक्रमको आम नियमितताको बावजुद सम्पूर्ण विश्व इतिहासमा यस्ता विशेष रेखाहरू हुने गर्छन् जुन अपवाद मात्र नभएर स्वाभाविक समेत ठानिन्छन् र जसले यस किसिमको पृथक रूपहरू तथा व्यवस्थाहरू प्रस्तुत गरिरहेका हुन्छन् भन्ने कुरा उनीहरूलाई ठ्याम्मै थाहा छैन । उहाहरणको लागि आज रुस ती उन्नत राष्ट्रहरू र ती राष्ट्रहरू, जो पहिलोपल्ट निश्चित रूपमा सभ्यताको घेराभित्र पर्न गएका छन्, अर्थात ती सब पूर्वेली, गैरयूरोपेली देशहरूका बीचमा रहेको सीमा-रेखामा उभिएको छ, तसर्थ यहाँ केही त्यस्ता खास विशेषताहरू देखा पर्न सक्तछन् र ती विशेषताहरू देखा पर्नु स्वाभाविक पनि हो, जसले विश्वको विकासक्रमको सामान्य दिशाको अनुसरण गर्दा गर्दै पनि आफ्नो क्रान्तिलाई पश्चिमी युरोपेली देशहरूमा यसभन्दा पहिले भएका सब क्रान्तिहरूको अपेक्षा एक विशिष्टता प्रदान गर्नेछ र जसले पूर्वेली देशहरूमा क्रान्तिको अग्रसरताको साथै आंशिक रूपमा केही नयाँ कुराहरू प्रचलनमा ल्याउनेछ भन्ने कुरा उनीहरू सपनामा पनि सोच्न सक्तैनन् ।

उदाहरणको लागि हामी समाजवादको लागि परिपक्व भैसकेका छैनौं अथवा उनीहरू मध्येकै केही 'विद्वान' महानुभावहरूले भने झैं समाजवादको लागि आवश्यक वस्तुपरक आर्थिक पृष्ठभूमि तयार भैसकेको छैन भन्ने पश्चिम यूरोपेली सामाजिक जनवादको विकासक्रममा कण्ठ पारोक यस्ता तर्कहरू निकै सस्ता खालका हुन् । उनीहरूमध्ये कसैलाई यस्तो प्रश्न सोध्ने कुरा दिमागमा आउँदैन -के पहिलो साम्राज्यवादी युद्धको सिलसिलामा पैदा हुन गएको क्रान्तिकारी स्थितिमा आफूलाई पाउँदा, आफ्नो निराशाजनक स्थितिले गर्दा जनता संघर्षको मैदानमा हाम फाल्न सक्तैन, जसले उनीहरूको लागि सम्यताको भावी विकासका परिस्थितिहरू तयार पार्ने कम से कम भए पनि मौका दिनेछ चाहे ती परिस्थितिहरू सामान्य परिस्थितिहरूभन्दा केही फरक नै किन नहोऊन ।

'रुस उत्पादन शक्तिहरूको विकासको त्यस स्तरसम्म पुगिसकेको छैन जहाँ समाजवादको स्थापना सम्भव हुन्छ ।' यस प्रस्थापनासँग दोस्रो इन्टरनेशनलका सब महापुरुषहरू, जसमध्ये सुखानोभ पनि निसन्देह पर्न जान्छन्, यसरी टाँसिएका छन् जसरी कुनै नयाँ खेलौनासँग एउटा बच्चा छुट्न चाहँदैन । यस निर्विवाद प्रस्थापनालाई उनीहरू हजारौं तरीकाले चपाउँछन र हाम्रो क्रान्तिको मूल्यांकनको लागि यही प्रस्थापना निर्णायक कसौटी हो भन्ने ठान्दछन् ।

तर के गर्ने हो यदी परिस्थितिको विशेषताले रुसलाई सबभन्दा पहिले त, त्यस विश्व साम्राज्यवादी युद्धभित्र हुल्यो, जसमा पश्चिमी युरोपका सब जस्ता धेरथोर प्रभावशाली देशहरू फँसेका छन्, जब पूर्वमा क्रान्तिहरू शुरु हुन थाले अथवा आंशिक रूपमा शुरु भैसकेका छन्, त्यस बेला रुस विकासको त्यस्तो स्थितिमा पर्न गयो जब हामी 'किसान युद्ध' र मजदूर आन्दोलनको बीचमा ठकि त्यही सम्बन्ध कायम गर्न सफल भएका छौं, जसलाई स्वयम मार्क्स जस्ता 'मार्क्सवादीले' सन् १८५६ मा प्रुशियाको लागि एक सम्भावनाको रूपमा देख्नु भएको थियो ?

त्यस बेला के गर्ने हो जब परिस्थितिको पूर्ण निरूपायताले मजदूर तथा किसानहरूको शक्ति दश गुना बढाइदियो र हामीकहाँ सभ्यताको आधारभूत पृष्ठभूमि सिर्जना गर्नको लागि दश गुना बढाइदियो र हामीकहाँ सभ्यताको आधारभूत पृष्ठभूमि सिर्जना गर्नको लागि अरु सब पश्चिम यूरोपेली देशहरूमा भन्दा भिन्दै किसिमका सम्भावनाहरू पैदा हुन गएका छन् ? के यसले विश्व इतिहासको विकासको आम दिशामा कुनै परिवर्तन ल्याएको छ ? के यसले संसारका ती सब देशहरूका आधारभूत वर्गहरूका पारस्परिक मूल सम्बन्धहरूमा कुनै परिवर्तन ल्याएको छ, जो विश्व इतिहासको आम विकासमा तानिएर आएका छन् अथवा तानिँदै छन् ?

यदि समाजवादको निर्माणको लागि एक निश्चित सांस्कृतिक स्तरको आवश्यकता छ भने (हुन त यो निश्चित 'सांस्कृतिक स्तर' के हो भन्ने कुरा कसैले बताउन सक्तैन, किनभने रहेक पश्चिम यूरापेली देशमा यो स्तर भिन्दा भिन्दै छ), त्यसो भए हामी किन सबभन्दा पहिले क्रान्तिकारी तरिकाले यस निश्चित स्तरको लागि पूर्वाधार खडा गर्न सक्तैनौं र त्यसपछि मात्र मजदूर तथा किसानहरूको सत्ता एवम् सोभियत व्यवस्थाको आधारमा अगाडी बढ्न र अरु जनताहरूलाई उछिन्ने काम गर्न सक्तैनौं ?

**१६ जनवरी**, १९२३

तपाई भन्नुहुन्छ समाजवादको लागि सभ्यताको आवश्यकता छ । ठीक छ । त्यसो भए किन हामीले त्यस्तो सभ्यताको लागि सबभन्दा पहिले जमीन्दारहरू तथा रुसी पूँजीजीवीहरूको उन्मूलन गर्ने जस्तो पूर्वाधार खडा गरेर त्यसपछि मात्र समाजवादको दिशामा अगाडी बढ्न नहुने हो ? आम ऐतिहासिक गतिको यस्तो रूपान्तरण अनुचित अथवा असम्भव छ भन्ने कुरा तपाईले कुन किताबमा पढ्नु भो ? मलाई नेपोलियनले लेखेको कुरा सम्झना भयो- इल कभुलनबनभ भत उगष्क'।यलखयष्त यसको भावानुवाद हुनजान्छ 'पहिले गम्भीर लडाईमा हाम फाल, त्यसपछि हेरिएला ।' हामी पनि अक्टोबर १९१७ मा यही गम्भीर लडाइँमा हाम फाल्यौं र त्यसपछि हामीले पनि ब्रेस्ट सन्धि अथवा नेप जस्ता सानातिना कुराहरू (विश्व इतिहासको दृष्टिकोणले यी सब निसन्देह सानातिना कुरा हुन्) देख्यौं र अब मूल रूपमा हामीले विजय प्राप्त गरिसकेका छौं भन्ने कुरामा कुनै शंका छैन ।

हाम्रा सुखानोभहरूले उनीहरूको भन्दा अझ दक्षिणपन्थी दृष्टिकोण राख्ने सामाजिक जनवादीहरूको त कुरै नगरे हुन्छ, अर्को कुनै तरिकाले क्रान्ति गर्न सकिदैन भन्ने कुरा सपनामा पनि सोच्न सक्तैनन् । पूर्वेली देशहरूमा, जसको जनसंख्या कता हो कता धेरै छ र जसको सामाजिक स्थितिमा कता हो कता बढी विविधता छ, अब जुन क्रान्तिहरू हुनेछन् निसन्देह तिनका रुसी क्रान्तिको दाँजोमा कता हो कता बढी विशिष्टताहरू प्रकट हुनेछन् भन्ने कुरा हाम्रा यूरोपेली कूपमण्डूकहरू समनामा पनि देख्न सक्तैनन् ।

काउत्स्कीको शिक्षाको आधारमा लेखिएको पाठ्य-पुस्तक आफ्नो जमानामा निकै उपयोगी ठहरिएको थियो भन्ने कुरा बताइरहनु पर्ने कुनै आवश्यकता छैन । तर यी सब कुरा हुँदाहुँदै पनि यस पाठ्य-पुस्तकमा विश्व इतिहासको विकासक्रमका सब रूपहरू पूर्व निर्धारित छन् भन्ने विचार छोड्ने बेला भैसकेको छ । यस्तो विचार राख्ने मान्छेहरू 'महामूर्ख' हुन् भन्ने बेला भैसकेको छ ।

*(भ्ला.इ. लेनिन संकलित रचना संग्रह, पाँचौ संस्करण, खण्ड ४५- पृष्ठ ३७८-३८२, बाट)*

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४


माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# महान् अक्टुबर क्रान्तिको १०० वर्षमा

# क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणका अनुभवहरू



● हस्तबहादुर केसी ●

सन्दर्भ : अक्टुबर क्रान्ति शतवार्षिकी

सन् १९१७ अक्टुबर २५ का दिन महान् रुसी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न भएको हो । मानव जातिको इतिहासमा, विश्वकम्युनिष्ट आन्दोलनको इतिहासमा महान रुसी अक्टुबर समाजवादी क्रान्ति एक युगान्तकारी क्रान्ति थियो, जुन क्रान्ति सोभियत संघको कम्युनिष्ट पार्टी (बोल्सेविक) को नेतृत्व र विश्व सर्वहारावर्गका महान् नेता भ्लादीभिर इल्विचको अगुवाई र निर्देशनमा सम्पन्न गरिएको थियो । विश्व मानव जातिकै इतिहासमा गौरवमय गाथाले भरिपूर्ण यस महान् रुसी अक्टुबर समाजवादी क्रान्तिले पहिलो पटक पुँजीवादी राज्य व्यवस्थालाई समूल रूपमा नष्ट गरेर सर्वहारावर्गको अधिनायकत्व सहितको वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गरेर विश्व सर्वहारावर्गलाई साम्यवादसम्म पुग्ने ढोका खोली दिएको थियो ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्तिले नयाँ युगको सूत्रपात गरिदिएको थियो । यो गौरवशाली क्रान्तिले पुँजीवादी युगको विनास र वैज्ञानिक समाजवादी युगको निर्माणको सुरुवात गरिदिएको थियो । संसारमा इतिहासमा पहिलो पटक मजदूरवर्गको नेतृत्वमा भएको यो क्रान्तिले राज्यव्यवस्थाको भौतिक चरित्रमा नै परिवर्तन गरि शोषक वर्गको स्थानमा शोषित वर्गले राज्यसत्ता कब्जा गरेकाले यसले इतिहासको क्रमलाई नै महान परिवर्तन गरिदिएको थियो । त्यसैले यसलाई महान् अक्टुबर क्रान्ति भनिन्छ । सन् १७८९ मा फ्रान्समा भएको राज्य क्रान्तिले राजतन्त्रात्मक सामन्तवादी युगलाई समाप्त गरि जुन पुँजीवादी युगको स्थापना गरिदिएको थियो तर, अक्टुबर क्रान्तिले त युगलाई नै परिवर्तन गर्ने र इतिहासलाई उलटफेर गर्ने एक महान् क्रान्तिकारी परिवर्तनकारी काम गरेको थियो । यस क्रान्तिले विश्वभरका उत्पीडित राष्ट्र र मुक्तिकामी जनताको हौसला बढाएको थियो । क्रान्ति र परिवर्तन तथा मुक्तिको आशावादलाई बलियो बनाएको थियो र क्रान्तिकारी नैतिकताको मनोबललाई उच्क्च उठाएको थियो भने प्रतिक्रियावादीहरूको मनोबल गिराई दिएको थियो ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्ति रुसी भूमिमा सम्पन्न भएको यही २०१७ अक्टुबर २५ (वि.सं. २०७४ कार्तिक) कार्तिक ८ गते १०० वर्ष पुरा हुँदैछ । यस महान् अक्टुबर समाजवादी क्रान्तिले १०० वर्ष पुरा गरेको ऐतिहासिक अवसरमा संसारभरका उत्पीडित राष्ट्रहरू र क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू र समुह एवं संघ संस्थाहरूले बढो धुमधुामका साथ 'अक्टुबर क्रान्तिको सतवार्षिक कि मनाउन गइरहेका छन् । यो एउटा गौरवको विषय हो ।

एक सय वर्ष भनेको ज्यादै लामो समय हो । एउटा सिंगो युग हो । महान् रुसी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न भएको यस १०० वर्षका बीचमा मानव समाजमा, विचारधाराका सन्दर्भमा, राजनीतिक व्यवस्थाहरूमा, प्रकृति जगतमा समेत धेरै परिवर्तन भइसकेका छन् । विज्ञान र प्रविधिको क्षेत्रमा नयाँ नयाँ विकास र खोज गरेर मानव जातिले यस विश्व मानव समाजमा अत्यन्तै ठूला ठूला प्रगति र उन्नति गरिरहेका छ । सूचना प्रविधिको विकासले आज विश्वलाई नै एउटा सानो विन्दुमा पुऱ्याई सकेको छ ।

यद्यपि महान् अक्टुबर समाजवादी क्रान्तिबाट निर्माण गरिएको सोभियत मोडेलको समाजवाद माथि प्रतिक्रान्ति भएर रुसमा पुँजीवादको पुनःस्थापना भएको पनि धेरै वर्ष भइसकेको छ । तर रुसी समाजवादमा प्रतिक्रान्ति भएर पुँजीवादको पुनःस्थापना भएर त्यहाँ नग्न तथा विकृति र विसंगतिले भरिपूर्ण एक कुरूप पुजीवादको विकास भइरहेको भएता पनि यस महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको महत्व र त्यसको ऐतिहासिकता अरू बढेर गएको छ । किनकि आजको युग साम्राज्यवाद र विश्वसर्वहारा वर्ग बीचको भीषण वर्ग संघर्षको युग भएकाले यस महान् अक्टुबर क्रान्तिको महत्व झनै बढेर गएको छ । महान् लेनिनले संशलेषण गर्नु भएको साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्षको युगमा कुनै परिवर्तन र फेरबदल भएको छैन । विश्वका सैयौं राष्ट्रहरू स्वाधिनता चाहन्छन्, अरबौं जनताहरू मुक्ति चाहन्छन् । जुन मुक्ति सन् १९१७ अक्टुबर समाजवादी क्रान्तिले सोभियत रुस र सोभियत जनतालाई दिलाएको थियो । र संसारकै एउटा ठूलो भूभाग र जनसंख्यालाई साम्राज्यवादको उत्पीडनबाट मुक्ति दिलाएको थियो । त्यस क्रान्तिले जसको प्रेरणा संसार भरका उत्पीडित राष्ट्र र जनताले अनुभूत गरेका थिए । महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको सफलता र वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको स्थापनाको प्रभाव विहानीको सूर्यको प्रकास झै उज्यालो छदै विश्वभर फैलियो ।


क्रान्तिका लागि क्रान्तिकारी विचार र क्रान्तिकारी कम्युनिष्ट पार्टीको आवश्यकता मार्क्सवादको आधारभूत सिद्धान्त भित्र पर्दछ । क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी कम्युनिष्ट पार्टी क्रान्तिकारीका लागि प्रारम्भिक सर्त भएकाले अक्टुबर क्रान्तिको प्रभावले विश्वभरका उत्पीडित राष्ट्रहरू र मुक्तिकायी जनसमुदायहरूलाई उद्धेलित गरायो । क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माणको आवश्यकताको महसुस गरायो । राष्ट्रिय स्वाधिनता र सामाजिक मुक्तिका लागि विश्व जनतालाई क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणको आवश्यकतालाई धनिभूत बनायो ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको प्रभाव विश्वभर फैलियो । कम्युनिष्ट पार्टी निर्माण गर्ने ऐतिहासिक लहर नै चल्यो । त्यसपछि एशीया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वका कैयन देशहरूमा एक पछि अर्को गर्दै कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे जस्तै जर्मन कम्युनिष्ट पार्टी (१९१८), भारतमा-हिन्दुस्तान कम्युनिष्ट ग्रुप (१७ अक्टोबर १९२० रुसमा), भारतीय कम्युनिष्ट पार्टी (सन् १९२८), भियतनामी कम्युनिष्ट पार्टी (१९२०), मङ्गोलियन कम्युनिष्ट पार्टी (१९२०), चिनियाँ कम्युनिष्ट पार्टी (१९२१), जापनीज कम्युनिष्ट पार्टी (१९२२), फिलिपिन्स कम्युनिष्ट पार्टी (१९२४), इन्डोनेसियन कम्युनिष्ट पार्टी (१९२१), युगोस्लाभ कम्युनिष्ट (१९१९), बुल्गेरियन कम्युनिष्ट पार्टी (१९१९), हङ्गेरियन कम्युनिष्ट पार्टी (१९९८) भए । त्यसैगरी, इटालियन कम्युनिष्ट पार्टी (१९२१), बर्मिज कम्युनिष्ट पार्टी (१९४३), पेरुभियन कम्युनिष्ट पार्टी (१९२८), साउथ सिज कम्युनिष्ट पार्टी (१९२८)- यसलाई १९३० मा मलाया कम्युनिष्ट पार्टी भनियो । कोरियन वर्कस पार्टी (१९२५), इराकी कम्युनिष्ट पार्टी (१९३४), नेपालमा नेपाल कम्युनिष्ट पार्टी वि.सं. २००६ साल वैशाख ९ गते (२२ अप्रिल १९४९ भारतमा) ।

पूर्वी युरोपका २० औं देशहरूमा सोभियत मोडेलको समाजवादको स्थापना गरियो । चीन, उत्तर कोरिया, भियतनाम, कम्बोडिया लगायतका देशहरूमा जनवादी तथा समाजवादी क्रान्तिहरू सम्पन्न भए ।

सन् १९४५ मा उत्तर कोरियामा क्रान्ति सम्पन्न भयो । त्यस्तै सन् १९४५ मै भियतनाममा क्रान्ति सम्पन्न भयो । सन् १९५९ मा एउटा ल्याटिन अमेरिकी मुलुक क्यूबामा क्रान्ति सम्पन्न भयो । चीनमा कमरेड माओको नेतृत्वमा सन् १९६६ देखि १९७६ सम्म संचालित महान् सर्वहारा साँस्कृतिक क्रान्ति सम्पन्न भयो । यो अवधिमा विश्वको भूगोलको ठूलो भूभाग र जनसंख्या सामन्तवाद र साम्राज्यवादको पञ्जाबाट मुक्त भए ।

यसै प्रक्रियामा सन् १९५०-१९५३ सम्म चलेको विश्वकै चर्चित कोरियन युद्धमा अमेरिकी साम्राज्यवाद पराजित भयो र लाखौंको कोरियाली जनताको उत्सर्ग र धनजनको क्षति बेहोरेरै भएपनि उत्तर कोरियाले राष्ट्रिय स्वाधिनता प्राप्त गरेर साम्राज्यवादी लुटेराहरूलाई ठूलो सवक दिलाई दियो । त्यस्तै सन् १९६५ देखि शुरु भै सन् १९७३ सम्म अमेरिकी साम्राज्यवादसँगको भीषण गृहयुद्धमा अमेरिकी साम्राज्यवाद नराम्रोसँग पराजित भए पछि भियतनामले राष्ट्रिय स्वाधिनता प्राप्त गरेर अमेरिकी साम्राज्यवादी लुटयारालाई ठूलो सवक दिलाएको थियो । यस भियतनामी युद्धमा १२ लाख सेना मारिएका भए पनि, लाखौं भियतनामी जनताले राष्ट्रिय स्वाधिनताका निम्ति आफ्नो जीवन उत्सर्ग गर्नु परेको भए पनि अमेरिकी साम्राज्यवादले ठूलो हार बेहोरेको थियो र फेरी त्यतातिर फर्केर हेर्नै नसक्ने गरि भियतनामबाट अमेरिकी साम्राज्यवाद माग्न बाध्य भएको थियो र कम्युनिसको विजय सुनिश्चित हुन पुगेको थियो ।



यस १०० वर्षको बीचमा माथि उल्लेखित ऐतिहासिक घटनाक्रमहरूबाहेक सन् ८० को दशकमा पेरुमा सशस्त्र जनयुद्धले उत्कर्षता प्राप्त गरेको थियो । त्यस्तै सन् ९० को दशकमा शुरु भएर १० वर्ष सम्म चलेको नेपालको सशस्त्र जनयुद्धले पनि ठूलो उत्कर्षता प्राप्त गरेको थियो र जसका कारण नेपालमा ठूलै राजनीतिक परिवर्तन हुन पुग्यो । यस अतिरिक्त फिलिपिन्स, बर्मा, बंगलादेश, पाकिस्तान, टर्की लगायतका देशहरूमा जनमुक्ति सेनाको निर्माण समेत गरेर सशस्त्र संघर्ष संचालन गर्ने तयारीहरू भएका थिए । भारतमा आज पनि भारतीय कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा सशस्त्र जनयुद्ध भीषणमा अगाडि बढिरहेको छ ।


क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण र परिचालनको सवालमा महान् अक्टुबर क्रान्तिले दिएको अर्को महत्वपूर्ण शिक्षा के हो भने १) क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त आवश्यक पर्दछ भन्ने सवाल २) क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीको आवश्यकताको सवाल ३) क्रान्तिका लागि ठोस परिस्थितिको ठोस विश्लेषणको सवाल र ४) क्रान्तिकारी पार्टी निर्माण र त्यसको परिचालनको निम्ति जनवादी केन्द्रीयताको सिद्धान्तको आवश्यकता । यी महत्वपूर्ण सर्तहरू पालना र प्रयोग गरेर महान लेनिनको नेतृत्वमा महान् अक्टुबर क्रान्ति सम्पन्न भएको थियो । यी चारवटा मार्क्सवादी प्रस्तावनाहरूलाइ पालना नगर्ने कम्युनिष्ट पार्टीहरूले क्रान्ति सम्पन्न गर्न पनि सक्तैनन र कम्युनिष्ट पद्धति भित्रको, सर्वहारावर्गको अधिनायकत्व अन्तगर्तको कम्युनिष्ट शासन प्रणालीलाई जोगाई राख्न सक्तैनन भन्ने कुरा क्रान्ति सम्पन्न गर्ने सवालमा र प्रतिक्रान्तिलाई रोक्न नसकेका परिघटनाहरूले पनि यी तथ्यहरूलाई पुष्टि गरि दिएका छन् । र क्रान्ति सम्पन्न गर्न र प्रतिक्रान्तिलाई रोक्नका लागि महान् लेनिन र स्टालिन जस्ता नेताहरू र बोल्सेविक जस्तो लौह अनुशासित कम्युनिष्ट हुनु पर्दो रहेछ भन्ने शिक्षा महान् अक्टुबर क्रान्तिबाट पाठ सिक्न जरुरी छ । किनकि लेनिन र स्टालिनको नेतृत्वमा सोभियत रुसको कम्युनिष्ट पार्टी (बोल्सेविक) ले सम्पन्न गरेर निर्माण गरेको सोभियत मोडेलको समाजवाद महान् लेनिन र स्टालिनको मृत्यु लगात्तै निकिता ख्रुश्चोवबाट प्रतिक्रान्तिको विजारोपन भयो समाजवाद ढल्यो । सोभियत मोडेलको समाजवादको पतनले संसारभर नकारात्मक असर पऱ्यो । साम्राज्यवादी तथा पुँजीवादी लुटेराहरूले संसारबाटै समाजवाद पतन भएर गयो भनेर ठूलो स्वरले हल्लाह पिट्ने मौका पाए । नभन्दै रुसमा प्रतिक्रान्ति हुने वित्तिकै ख्रुश्चोवका चेला ल्यू शाओ चि, दङ श्याओ पिङ मण्डली चीनीया कम्युनिष्ट पार्टी भित्र घुस्न सफल भए र सन् १९५६ मै चीनमा पुँजीवादको पुनःस्थापना गर्ने प्रयास भयो । माओले सन् १९६६-१९७६ सम्म महान् सर्वहारा साँस्कृतिक क्रान्ति संचालन गरेर प्रतिक्रान्तिलाई रोक्ने काम गर्नु भयो । तर सन् १९७६ सेप्टेम्बर ९ मा माओत्सेतुङ निधन भयो । त्यसको ठिक एक महिनापछि चीनमा पनि प्रतिक्रान्ति भयो र पुँजीवादको पुनःस्थापना भयो । चीनको प्रतिक्रान्तिको परिघटनाले पनि के सावित गरेको छ भने कमरेड भएको जस्तो क्रान्तिकारी सिद्धान्तकार नेता र नेतृत्वको अभावमा प्रतिक्रान्तिले मौलाउने मौका पायो । रुस र चीनको प्रतिक्रान्तिबाट के शिक्षा लिन जरुरी देखिन्छ भने कुनै पनि मुलुकमा क्रान्ति सम्पन्न गर्न, क्रान्ति पछि क्रान्तिका उपलब्धीहरूलाई जोगाई राख्न क्रान्तिकारी नेतृत्व र क्रान्तिकारी पार्टीको आवश्यकता त सार्वभौम विषय नै हो तर विद्यमान क्रान्तिकारी नेतृत्वले क्रान्तिकारी उत्तराधिकारी निर्माण गर्न नसक्नु ठूलो कमजोरी रह्यो भन्ने शिक्षा लिनै पर्दछ ।

रुसमा महान् लेनिन र स्टालिन जस्तो क्रान्तिकारी उत्तराधिकारी निर्माण हुन नसक्नु र चीनमा माओ जस्तै क्रान्तिकारी उत्तराधिकारी निर्माण हुन नसक्दा विश्व कम्युनिष्ट आन्दोलनमा र विश्व समाजवादी शिवीरमा ठूलो क्षेति पुग्न गयो र यो आन्दोलन आजसम्म पनि रक्षात्मक स्थितिमा रहन बाध्ये भएको छ ।

नेपालमा आजसम्म पनि नयाँ जनवादी क्रान्ति सम्पन्न हुन सकिरहेको छैन । यस क्रान्तिले मात्र वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्ने ढोका खोली दिने हो तर त्यो भएको छैन । देश अहिले पनि अर्थ सामन्ती र नवऔपनिवेदिक अवस्थामै छ । यहाँ गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति नै हो ।

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका निम्ति नेकपा (माओवादी) को नेतृत्वमा २०५२ साल फाल्गुन १ गतेदेखि सशस्त्र जनयुद्धको थालनी गरियो । १० वर्षसम्म संचालित यस जनयुद्धले सफलताको शिखरमा पुगेकै बेला मुख्य नेतृत्वले गद्धारी गर्न पुग्यो र जनयुद्धले गंभीर प्रकारको धक्का खान पुग्यो । तर यस परिघटनाले महान् नेपाली क्रान्तिलाई समाप्तै पार्न सक्ने कुरा त भएन । क्रान्तिकारी माओवादीहरू पुनः संगठित भएर जनयुद्धको आधार र अनुभवमा उभिएर नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह मार्फत महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्य जारी नै छ । नेपालका क्रान्तिकारी माओवादीहरूले क्रान्तिका सपनाहरूलाई मर्न नदिने अठोट र प्रतिबद्धताका अगाडि बढिरहेका छ र क्रान्ति जारी छ । नेपाली क्रान्ति अवश्यभावी छ ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न भएको १०० वर्ष पुरा गरेको यो ऐतिहासिक अवसरमा विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरूले अक्टुबर क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाइरहेको यो अवसरमा हामी नेपालका माओवादी क्रान्तिकारीहरूले पनि क्रान्ति नै हाम्रो एक मात्र उद्देश्य हो भन्ने महत्वपूर्ण शिक्षा महान् अक्टुबर क्रान्तिबाट ग्रहण गर्न कदापि भुल्नु हुँदैन ।



# देजमोको चुनावी गीत

● रचनाकार : पेमा लामा

हे आमा,वावा,ए दिदी,दाजु भाई
देजमोको अपिल छ सबैलाई
कुरा बुझ्ौ है
मुट्ठी चिन्हमा भोट हालौ है
क्रान्तिकारी पार्टीलाई सवैले जिताउ है।
हे उस्तै शासन उस्तै छ ब्यवस्था
शाषक फेरिए फेरिएन अवस्था
कुरा बुझ्ौ है
मुट्ठी चिन्हमा भोट हालौ है
क्रान्तिकारी पार्टीलाई सबैले जिताउ है ।
हे मजदुर, किसान, महिला दलित दाइ
पटक-पटक झुक्याए हामी सबैलाई
कुरा बुझ्ौ है
मुट्ठीमा............
क्रान्तिकारी.................... . ...।
हे जालीहरूको ठीक छैन चाल
बेची खाए यो देशको नदिनाला
कुरा बुझ्ौ है
मुट्ठी चिन्हमा...........
क्रान्तिकारी............ ।
हे देश बेच्ने राष्ट्रघाती शाषकलाई
डाडै कटाऔ भ्रष्टाचारी दलाललाई
कुरा बुझ्ौ है
मुट्ठी..........
क्रान्तिकारी............
हे कालो कानुन कालै छ शासन
जुटौ सबै यो शासन मासन
कुरा बुझ्ौ है
मुट्ठी............
क्रान्तिकारी...............
हे गाउ खायो फटाहा जालीझेलीले
सुन हो भन्दै झुक्याउलान् पित्तलले
कुरा बुझ्ौ है
मुट्ठी .............
क्रान्तकारी............... ॥
क्रान्तकारी...............॥।






## कविता

# त्यो एउटा आँधीमय वर्ष

*- -भ्लादिमिर इल्यिच लेनिन*

त्यो एउटा आँधीमय वर्ष
सारा देशलाई आफ्नो चपेटामा लियो आँधीले
बादल फाट्यो र हामीमाथि बर्सियो तुफान
अनि असिना र चट्याङ
घाउ मुख बाउदै रह्यो खेत, खलिहान र बस्तीमा
चोटमाथि चोट दिदै ।
बिजुली चम्किन थाल्यो, खुँखार भएर उठ्यो चम्काई त्यो
निष्ठुर ताप जल्न थाल्यो, छातीमा पर्यो ढुङ्गाको भार
र आगोका झिल्काहरूले झलमल पारिदियो
नक्षत्रहीन अँधेरी रातको शुन्यतालाई ।

पुरा संसार, सारा मान्छे तितर-बितर भए
एउटा अड्किएको डरदेखि दिल बस्दै गयो
दर्दले मानौं प्राण छुट्न लाग्यो
बन्द भए तमाम उदास अनुहार ।
खुनी तुफानमा हजारौं सहिदहरूले ज्यान गुमाए
तर त्यसै तिनले दुःख झेलेनन्, त्यसै काँटादार मुकुट लाएनन्
झुठ र अँध्यारोको राजमा ढोङगीहरूको बीचबाट
ती बढ्दै गए आउनेवाला दिनको मशालजस्तै ।

आगोका लप्काहरूमा, सदा जलिरहेको ज्वालामा
हाम्रा अगाडी यी बलिदानी बाटो खनेर गए
जिन्दगीमाथि, गुलामीको जञ्जीरमा
तिमीहरूले घृणाको छाप लगाइदिए ।
हिउँले सास छोड्यो, पातहरू बिरङ्ग भएर झर्न थाले
हावामा फसेर घुमी-घुमी मृत्युको नाँच नाँच्न थाले
आयो हिउँद ऋतु धुलाम्य हिउँद ।

जोशिलो रगतबाट पैदा रङ्गीन गुलाब
राता-राता फूल फक्रिए
र भुलिसकिएको चिहानलाई ओढाइयो
सम्मानको मुकुट ।
मुक्ति रथको अगाडी
लाल झण्डा फहराउँदै
नदीजस्तै बग्न थाले जनसागरहरू
मानौं बसन्तमा पानीका मूल फुटेका छन्
लाल झण्डा फरफराउन थाल्यो जुलुसमा
मुक्तिको पावन मन्त्रले आकाश गुञ्जियो
सहिदहरूको सम्झनामा प्रेमीले आँसु बगाउँदै
जनताले शोक गीत गाउन थाले
खुशीले भरिपूर्ण ।

हतियार उठाऊ, साथीहरू सुखका दिन करिब छन्
हिम्मतसित छाती फुलाऊ, अघि बढ हामफाल लडाईमा
आफ्नो मनलाई जगाऊ, कायरतालाई मनबाट भगाऊ
अरे, ओ बहादुरहरू चलाऊ गोली केटाकेटी र महिलाहरूमाथि
जहाँसम्म हुन्छ हत्यार गर आफ्नाहरूकै
ता कि तिम्रा धर्म्पिता खुशी हुन सकून् !
र यदि तिम्रो आफ्नै रगतमा, हातका कोरबाट झरिरहेको रगतमा !
जारको रक्सी पिएर सैतान बनेर
बिनादुविधा मार आफ्नै आमालाई तिमी ।

के तिमीलाई डर लागिरहेछ ?
तिम्रा अगाडीका मान्छेहरू ती जापानी होइनन्
ती तिम्रा विशुद्ध आफन्त हुन्
र ती बिल्कुल निहत्था छन्
ए जारका सेवकहरू, तिमीलाई हुकुम दिइएको छ
तिमी कुरा नगर, फासी देऊ !
घाँटी रेट ! गोली चलाऊ ! घोडाको हुकुम दिइएको छ
तिमी कुरा नगर, फाँसी देऊ !
तिम्रा कर्तुतलाई पुरस्कार पदक र सम्मान मिल्नेछ
तर युग-युगदेखिको तिमीहरूमाथि आक्रोश पोखिनेछ
ए जुडासका गिरोहहरू !

जेलखाना भरिएका छन्
निर्वासित मान्छे अन्तहीन आर्तनादले कराइरहेका छन्
रातलाई चिरिरहेछ गोलीका फोहरा ।
खाँदा-खाँदा गिद्दहरूलाई अरुचि भएको छ
वेदना र शोक मुलुकभरि फैलिएको छ
दुःखमा नडुबेको कुनै यस्तो परिवार छैन
आफ्ना जल्लादहरूलाई लिएर
ओ ! तानाशाह, मनाऊ आफ्नो खूनी उत्सव
ओ ! रक्तपिपासुहरू, आफ्ना लागि कुकुर प्रयोग गरि
जनताको मासु लुछेर खाऊ
ए तानाशाह, आगो बर्साऊ
हाम्रो रगत पिए, राक्षस !
ए मुक्ति, तिमी जाग !
रातो निशान तिमी उड !

हामी जेल तोड्नेछौं
जायज आक्रोश गर्जिरहेछ
बन्धन-मुक्तिको झण्डा
हाम्रा योद्धाहरूलाई फहराइरहेछन्

सताउनु, उफार्नु
चाबुक, फासीको तख्खाको नास होस्
मुक्त मान्छेहरूको लडाई, तिमी तुफाज जस्तै पागल बन
फटाहाहरू नष्ट हुनेछौं !

आऊ जरैदेखि उखेलौं
तानाशाहको ताकतलाई !
मुक्तिका लागि मृत्यु सम्मानयोग्य छ,
जञ्जिरमा बाँधिएको जीवन लाजमर्दो हो ।

आऊ गुलामीहरूलाई खत्तम पारौं
खत्तम पारौं गुलामीको लाजलाई
हे मुक्ति
तिमी हामीलाई संसार र स्वतन्त्रता देऊ ॥

*(अनु.-गणेश चितौरे)*

## महान्...

अन्तर्राष्ट्रियका नेताहरूले आ-आफ्नो देशको सरकारलाई सहयोग गर्न पुगे । रुस पनि प्रथम विश्वयुद्धमा सामेल थियो । तर लेनिनले रुसमा जारको सरकारलाई समर्थन गर्नु भएन । लेनिनको नेतृत्वमा रुसी कम्युनिस्ट पार्टी (बोल्सेविक)ले आफ्नै देशको सरकारको विरुद्धमा आन्दोलनलाई सशक्त रूपमा अगाडि बढायो । युद्धको विरोध गऱ्यो । यो अवधिमा लेनिनले कम्युनिस्ट आन्दोलनभित्र देखापर्ने सबैखाले अवसरवादको विरुद्धमा तित्र संघर्ष चलाउनु भयो । यो संघर्षको क्रममा नै लेनिनले दर्शन, राजनीतिक र अर्थशास्त्रको क्षेत्रमा मार्क्सवादका आधार भूत सिद्धान्तहरूको रक्षा गर्दै त्यसमा अरु थप विकास गनु भयो । यो अवधिमा लेनिनले मार्क्सवादी दर्शन राजनीतिक क्षेत्रमा अर्थात सर्वहारा वर्गको रणनीति र कार्यनीतिको क्षेत्रमा मात्र होइन, सर्वहारा वर्गको संगठनात्मक क्षेत्रमा पनि थप विकास गर्नुभयो । लेनिनले संगठनात्मक क्षेत्रमा देखापर्ने अवसरवादको विरुद्धमा पनि कडा संघर्ष गर्नुभयो । खास गरेर दोश्रो अन्तर्राष्ट्रियको नेतृत्वमा निर्माण हुँदै आएको संगठनात्मक सिद्धान्तभन्दा नयाँ प्रकारले संगठनात्मक सिद्धान्तहरूको प्रतिपादन गर्नुभयो । यस सिलसिलामा लेनिनले मेन्सेविकहरूको विरुद्ध कडा संघर्ष गर्नुयभो र अन्ततः सन् १९१२मा मेन्सेविकहरूलाई पार्टीबाट निष्कासन गर्नुभयो । यसरी लेनिनले जुन संगठनात्मक सिद्धान्तहरू प्रतिपादन गर्नुभयो, त्यसलाई हामी लेनिनवादी संगठनात्मक सिद्धान्त भन्दछौं । यो सिद्धान्त आज विश्वभरका कम्युनिस्ट पार्टीहरूको संगठनात्मक सिद्धान्त बनेको छ । लेनिनको यस प्रकारको दर्शन, राजनीति र संगठनात्मक क्षेत्रमा विकास गरेको सही नीतिका कारणले गर्दा नै रुसमा महान अक्टोबर समाजवादी क्रान्तिको पूर्वाधार तयार भएको थियो । लेनिनको सही नीतिका कारणले गर्दा प्रथम विश्वयुद्धले सृजना गरेको क्रान्तिको वस्तुगत अवस्थामा रुसमा क्रान्ति सम्पन्न भयो । तर लेनिनले नेतृत्व गरेको पार्टी भन्दा बलियो अवस्थामा रहेको कम्युनिस्ट पार्टीहरूले युरोपियन साम्राज्यवादी देशहरूमा क्रान्ति सम्पन्न गर्न सकेनन् ।

दोश्रो चरण : प्रथम विश्वयुद्धको समय (१९१४-१९१७) मा रुसमा जार शासन थियो । त्यो जार शासन राजतन्त्रात्मक अधिनायकवादी शासन थियो । त्यसकारण त्यो जार शासनको विरुद्धमा लेनिनहरू मात्र होइन कि मेन्सेविक लगायत अन्य लोकतान्त्रिक शक्तिहरूले पनि संघर्ष गरिरहेका थिए । जार शासनको अन्त, अस्थायी सरकारको गठन, संविधान सभाको निर्वाचन त्यति बेलाका कार्यनीतिक नाराहरू थिए । सन् १९१७ को फेब्रुअरीमा जार शासनको अन्त भयो, जसलाई फेब्रुअरी क्रान्ति भनिन्छ । जार शासनको अन्त पछि अस्थायी सरकार बन्यो । मेन्सेविकहरू त्यो अस्थायी सरकारमा सामेल भए । लेनिनहरू अस्थायी सरकारमा सामेल भएनन् । लेनिनहरूले अस्थायी सरकारको विरोध गर्दै 'सम्पूर्ण सत्ता सोभियत'लाई भन्ने नारा अगाडि सारे । जार शासनको अन्तपछि बनेको अस्थायी सरकार अत्यन्तै कमजोर थियो । त्यो अवस्थामा अस्थायी सरकारमा सामेल नभएर लेनिनहरू क्रान्तिको तयारीमा लागे। अस्थायी सरकारले मजदुर किसानहरूको हितमा कुनै कार्यक्रम ल्याउन सकेन । पुरानै नीतिको निरन्तरतामा चल्न थाल्यो । त्यसबाट जनअसन्तोष अरु बढ्न थाल्यो । त्यो असन्तोषलाई सशस्त्र विद्रोहमा बदल्ने योजनामा लेनिनहरू लाग्नु भयो । राजतन्त्रको विरुद्धमा संघर्ष गर्ने क्रममा कम्युनिस्टहरूको कतिपय विषयहरू पुँजीवादी पार्टीसँगै पनि मिल्दछ । प्रायः अवसरवादीहरू राजतन्त्रको पछि पुँजीवादी पार्टीहरूलाई पनि मान्य हुने कुरामा नै आफुलाई सिमित गर्दछन् । तर क्रान्तिकारी मार्क्सवादीहरूले पुँजीवादी पार्टीहरूलाई पनि मान्य हुने विषयसम्म आफुलाई सिमित नगरी अगाडि बढ्छन् । लेनिनहरूले सन् १९१७ को फेब्रुअरी क्रान्ति पछि त्यही गर्नुभयो । उहाँहरूले फेब्रुअरी क्रान्तिले प्राप्त गरेको उपलब्धीहरूलाई रक्षा गर्दै मजुदर र किसानहरूको आधारभूत मागहरूलाई अगाडि सारे क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउनु भयो । फेब्रुअरी क्रान्तिपछि लेनिनले एकातिर सशस्त्र जनविद्रोहको तयारीमा जोड दिनुभयो भने अर्कातिर तत्काल सशस्त्र विद्रोह गरिहाल्नु पर्दछ भन्ने सोचाइको पनि विरोध गर्नुभयो । अन्ततः सन् १९१७ को अक्टोबरमा जब परिस्थिति परिपक्व भयो, तव लेनिन आफैले नेतृत्व गरेर अस्थायी सरकारलाई कब्जा गर्न सशस्त्र जनविद्रोह गर्नुभयो । त्यो सशस्त्र जनविद्रोह पुरानो क्यालेण्डर अनुसार २५ अक्टोबर थियो । यसलाई महान अक्टोबर समाजवादी क्रान्ति भनिन्छ ।

तेश्रो चरण : महान अक्टोबर समाजवादी क्रान्तिपछि पनि रुसमा अनेक समस्याहरू थिए । सर्वहारा वर्ग सत्तामा आए पनि हारेका प्रतिक्रियावादीहरूले संगठित रूपमा प्रतिक्रान्तिको प्रयत्न गरिरहेका थिए । सत्ताधारी सर्वहारा वर्गलाई एकातिर घरेलु प्रतिक्रियावादी शक्तिहरूको विरुद्ध लड्नु परेको थियो भने अर्कोतिर साम्राज्यवादको विरुद्ध लड्नु परेको थियो । चौधवटा साम्राज्ययवादी देशहरूले भर्खर स्थापित भएको सर्वहारा वर्गको राज्यसत्तालाई पेरिस कम्युनलाई जस्तै ध्वस्त पार्न सक्रिय भनेर प्रयत्न गरिरहेका थिए । त्यस्तो अवस्थामा लेनिनले आफ्नै पार्टीभित्र ट्राटस्कीहरूसँग तीव्र संघर्ष गर्नुपऱ्यो । अन्ततः लेनिनले साम्राज्यवादीहरूसँग सम्झौता गरेर घरेलु प्रतिक्रियावादीहरूको प्रतिक्रान्तिको प्रयासलाई दबाउनु भयो र रुसमा सर्वहारावर्गको अधिनायकत्वमा सामजवादी व्यवस्था टिकाउने काम सफल रूपमा गर्नुभयो । सन् १९२४ मा लेनिनको मृत्युपछि पनि स्तालिनको नेतृत्वमा रुसमा समाजवादी व्यवस्था कायमै रहयो र यो महान अक्टोबर समाजवादी क्रान्तिको प्रभाव विश्वभर नै पऱ्यो । यो क्रान्ति पछि संसारभर नै संशोधनवादीहरूको अवस्था कमजोर हुँदै गयो भने क्रान्तिकारी मार्क्सवादीहरूमा उत्साहको लहर आयो । सन् १९१९ मा तेश्रो अन्तर्राष्ट्रिय गठन भएपछि संसारभर क्रान्तिकारी आन्दोलनले तीब्र रूपमा विकास गर्दै गयो । क.स्तालिनको नेतृत्वमा दोश्रो विश्वयुद्धमा फासीवादलाई ध्वस्त पारियो र पूर्वी युरोप, चीन, उत्तरकोरिया, भियतनाम लगायत थुप्रै देशहरूमा जनवादी तथा समाजवादी क्रान्ति सम्पन्न भए । स्तालिनको मृत्युपछि रुसमा सर्वहारा वर्गको अधिनायकत्वमा स्थापित समाजवादी व्यवस्थाको अन्त्य भयो ।

यस क्रान्तिबाट हामीले मूलतः निम्नानुसार शिक्षा लिनु पर्दछ :

१. प्रतिक्रियावादहरूको विरुद्धको संघर्षका साथै कम्युनिस्ट आन्दोलनभित्र देखापर्ने सबैखाले अवसरवादको विरुद्ध तीब्र संघर्ष गर्नु पर्दछ । नेपालको अहिलेको अवस्थामा दक्षिणपन्थी अवसरवाद हाबी भइरहेकोले त्यसको विरुद्ध सशक्त भण्डाफोर आन्दोलन चलाउन आवश्यक छ । यी अवसरवादीहरूको भ्रमबाट जनतालाई मुक्त गरेर मात्र हामीले क्रान्ति सम्पन्न गर्न सक्छौं ।

२. लेनिनले महान अक्टोबर समाजवादी क्रान्तिको तयारी गर्दा मुख्यतः जनतालाई सशस्त्र बनाउने र सशस्त्र आन्दोलनको आवश्यकता, महत्व र अपरिहार्यताबारे जनतालाई चेतना दिने कुरामा जोड दिनु भएको थियो । आज नेपालमा सबै संशोधनवादी अवसरवादी पार्टीहरूले राजनीतिक क्रान्ति पुरा भैसकेको आर्थिक विकास मुख्य हो भनेर प्रचार प्रसार गरिरहेको अवस्थामा राजनीतिक क्रान्तिको आवश्यकता र त्यसलाई प्राप्त गर्ने बाटो बल प्रयोग (सशस्त्र संघर्ष)को बाटो हो भन्ने कुराबारे हामीले जनतालाई शिक्षित बनाउनु पर्दछ ।

३. राजनीतिक कार्यदिशा सही हुँदा हुँदै पनि क्रान्तिकारी पार्टीको निर्माण हुन सकेन भने क्रान्ति हुन सक्दैन । लेनिनले नयाँ ढंगले क्रान्तिकारी पार्टी निर्माण गर्न नसकेको भए त्यो महान् अक्टोबर समजवादी क्रान्ति सफल हुने थिएन । त्यसैले फलामे अनुशासन भएको जस्तोसुकै राजनीतिक अवस्थाको पनि सामना गर्ने सक्ने क्रान्तिकारी पार्टीको निर्माण गर्नु क्रान्तिको लागि पूर्वशर्त हो । त्यसकारण हामीले एउटा क्रान्तिकारी पार्टी निर्माणमा विशेष जोड दिनु पर्दछ ।

४. क्रान्ति सम्पन्न गरे पश्चात् सर्वहारा अधिनायकत्व लागु गर्न र सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिलाई निरन्तर अगाडि बढाउनु पर्दछ भन्ने कुरा महान अक्टोबर समाजवादी क्रान्तिले बाटो देखाएको छ । स्तालिनले लेनिनवादको ब्याख्या गर्ने सन्दर्भमा भन्नुभएको छ, "लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहरा क्रान्तिको युगको मार्क्सवाद हो । अझै ठ्याक्कै भन्ने हो भने लेनिनवाद भनेको सामन्यतः सर्वहारा क्रान्तिको सिद्धान्त तथा कार्यनीति र विशेषतः सर्वहारावर्गको अधिनायकतन्त्रको सिद्धान्त र कार्यनीति हो।" (-लेनिनवादका आधारहरू) । लेनिनले भन्नुभएको थियो, "मात्र त्यो मार्क्सवादी हो, जो वर्गसंघर्षको मान्यतालाई सर्वहारावर्गको मान्यतासम्म नै लागू गर्दछ ।"- राज्य र क्रान्ति ।

अक्टोबर समाजवादी क्रान्तिको मुख्य पक्ष भनेको सर्वहारा वर्गको अधिनायकत्व हो । स्तालिन जीवित हुने बेलासम्म उहाँले सर्वहारा अधिनायकत्वलाई लागु गर्नुभयो र त्यो अवधिसम्म रुसमा समाजवाद थियो । स्तालिनको मृत्यु पछि जब ख्रुश्चेवको पार्टी प्रमुखमा आए, उनले सर्वहारा वर्गको अधिनायकत्व परित्याग गरे । सर्वहारा वर्गको राज्यको ठाउँमा उनले सम्पूर्ण जनताको राज्यको नीति ल्याए । त्यसपछि रुस संशोधनवादमा पतन भयो । र, सामाजिक साम्राज्यवादमा बदलियो । यसबाट हामीले बिर्सनै नहुने कुरा 'सर्वहारा वर्गको अधिनायकत्व' हो । महान अक्टोबर समाजवादी क्रान्तिको सतबार्षिकी मनाउने क्रममा क्रान्तिको निम्ति यी आधारभूत कुराहरूलाई आत्मसात गर्दै क्रान्तिको तयारीमा जुट्नु सबै सच्चा कम्युनिष्टहरूको प्रमुख कर्तव्य हो ।

## प्रथम...

असहमति पनि जनाउनु भयो । त्यसलाई नजरअन्दाज गर्नुभन्दा पनि नेतृत्वले राष्ट्रिय सम्मेलनकै माइन्युटमा सुरक्षित सम्पत्तिको रूपमा राख्ने उदारता देखाएकोले उच्च जनवादको जगमा टिकेको उच्च केन्द्रीयता प्रदर्शन गरेर सम्मेलनको समापन भयो । यद्यपि निर्माण व्यवसायी संघको अध्यक्ष गौचनको हत्यो विरोधमा असोज २७ गते नेपाल वन्दको हल्लाले समापन समारोह प्रतिनिधि/पर्यवेक्षक छिटो-छिटो गन्तव्यमा पुग्ने हतारोले सोचे जति भव्य हुन सकेन ।

नेपाली कम्युनिष्ट आन्दोलनको धारा सोभियत संघ दोश्रो अन्तर्राट्रिय मार्फत् दक्षिण हुँदै नेपाल आएको र लेनिनलाई सोभियत संघ बोल्सेभिक कम्युनिष्ट पार्टीको इतिहासमा क. सचिव भनेर उल्लेख भएको, नेपालको कम्युनिष्ट आन्दोलनमा पनि लामो समय महासचिव/महामन्त्री प्रणालीबाट चलेको त्यसो हुँदा सापेक्ष सामुहिक नेतृत्वको विकास भएको अनुभवलाई ध्यानमा राखेर विधानमा महासचिव प्रणालीमा जाने भन्दै क. किरणलाई महासचिव चयन गर्दै सम्मेलन समापन गरियो । सम्मेलनले तीनमा एकको सिद्धान्तलाई अपनाउदै ९५ जनाको केन्द्रीय समिति मध्ये ७७ जना पूर्ण र १८ जना बैकल्पिक र त्यसको एक तिहाई राजनैतिक विभाग र त्यसको एक तिहाई स्थायी समिति रहेने गरी संरचना निर्माण गरी नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको यात्रामा अविरल अगाडि बढी रहने प्रतिबद्धता जाहेर गर्दै एकताको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ, यो नै राष्ट्रिय सम्मेलनको महत्वपूर्ण उपलब्धि हो ।

## देजमोले...

मिलाएर आयोगले तय गरेका प्रावधानमा आधारित रहेर बन्दसूचि बुझाइएको छ ।

उनका अनुसार प्रतिनिधिसभातर्फ सतप्रतिशत ११० जना, जसमा ५७ जना महिला र ५३ जना पुरुष (६ वटै क्लस्टर मिलाएर) सूचि बुझाइएको छ भने बाँकी ७ वटै प्रदेशबाट पनि दुईवटा प्रदेशबाहेक सबै प्रदेशको सत्प्रतिशत संख्याको बन्दसूचि बुझाइएको छ । आयोगले तय गरेको प्रावधान अनुसार प्रतिनिधि र प्रदेशसभाको बन्दसूचिमा महिला, अपांग, अल्पसंख्यक र पिछडिएको क्षेत्रलाई समेत समावेश गरेर सूचि बुझाइएको छ ।

निर्वाचन आयोगले सूची संशोधन गर्ने आइतबार अन्तिम दिन तोकेको थियो । उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारका लागि नाम फिर्ता लिने समय सोमबार रहेकाले आइतबार विहान १० देखि बेलुका ५ बजेसम्म नाम संशोधन गर्नुपर्ने समय तोकेको छ ।

यसैबीच, निर्वाचन कार्यलतालिका अनुसार आयोगले काम अघि बढाइरहेकाले मंसीर ३ गते अन्तिम नामावली सार्वजनिक गर्ने समय निर्धारण गरेको छ । समानुपातिक उम्मेदवारहरूको प्रारम्भिक सूची भने १७ गते सार्वजनिक हुनेछ । त्यसमा दावी विरोध, उजुरीमा जाँचबुझ लगायतको चरण पूरा गरेर मंसिर ३ गते अन्तिम नामावली सार्वजनिक गर्ने निर्वाचन आयोगको कार्यतालिका छ ।

## त्रिशुली...

सरकारसँग जोडदार माग गरिएको छ ।

यसैबीच, धादिङको घाटबेसीस्थित बागेमोडमा शनिबार भएको बस दुर्घटनामा हराइरहेकाहरूको खोजीकार्य जारी राखिएको छ । दुर्घटनामा अझै केही व्यक्ति हराईरहेको आंशकामा नेपाली सेनाको गोताखोर टोली, प्रहरी र स्थानीय खोजिकार्यमा जुटेका छन् । सप्तरीको राजविराजबाट काठमाडौ आउँदै गरेको ना ६ ख १४६७ नम्बरको बस शनिबार विहान बागेमोडको सडकबाट त्रिशुली नदीमा खस्दा एकै परिवारका ६ सहित ३१ जनाको मृत्यु भएको थियो । मृतकहरूको शव आफन्तलाई जिम्मा लगाइसकिएको प्रहरीले जनाएको छ । घाइते १० जनाको काठमाडौंको ट्रमा सेन्टर र धादिङको गजुरी अस्पतालमा उपचार भइरहेको छ । बसमा सवार यात्रुबारे यकिन नहुँदा बेपत्ताको संख्या थाहा हुन नसकेको धादिङका प्रहरी प्रमुख एसपी ध्रुवराज राउतले बताए । घटनाको शोकमा आइतबार सप्तरीका सबै स्थानीय तह बन्द गरिएको छ ।

नेपालमा बर्सेनी दुई हजारभन्दा बढी सर्वसाधारणले दुर्घटनामा ज्यान गुमाउने गरेका छन् । सरकारी तथ्यांक हेर्दा गत वर्ष सडक दुर्घटनाबाट दुई हजार ४४ जनाले ज्यान गुमाएका छन् । ०७२ मा एक हजार सात सय १४ जनाले ज्यान गुमाएका थिए । गत वर्षको १० हजार १३ वटा दुर्घटनामध्ये सात हजार चार सय ८७ दुर्घटना चालककै लापरबाहीले भएको देखिन्छ ।

## चीनमा...

बन्नुपर्छ भन्ने विषयमा कंग्रेस एकमत छ,' पार्टीको एक वक्तव्यमा भनिएको छ । सो घोषणापछि छोटो मन्तव्य राख्दै सीले भने, 'आज हामी सवा तीन अर्बभन्दा बढी चिनियाँहरू उत्साह र गरिमापूर्वक बाँचिरहेका छौं । हाम्रो भूमिले महान गतिशीलतालाई प्रसारित गर्दछ । अनन्त महिमा र प्रभावसहित हाम्रो चिनियाँ सभ्याता चम्किरहेको छ ।'

**के हो सी जिनपिङ विचारधारा ?**

सी जिनपिङ विचारधारालाई नेताहरूले आफ्नो भाषणमा 'नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादबारे सी जिनपिङ विचारधारा' का रूपमा उल्लेख गर्ने गरेका छन् । यसले चिनियाँ कम्युनिष्ट पार्टीको इतिहासमा माओ युग र देङ युगपछि सी जिनपिङ युगको सुरुवात भएको संकेत गरेको छ ।

सी जिनपिङ विचारधाराले कम्युनिष्ट पार्टीलाई मुख्य जोड दिन्छ । महाधिवेसन उद्घाटन समारोहमा समाज र राजनीतिको हरेक क्षेत्रमा पार्टीको नेतृत्वलाई सुनिश्चितता गर्नुपर्ने सीले बताएका थिए ।

महाधिवेसनको सुरुवातमा आफ्नो प्रतिवेदनमा सीले यो विचारधाराको १४ प्रमुख सिद्दान्त रहेको बताएका थिए । जसमा 'पूर्ण सुधार', 'विकासका नयाँ अवधारणा', 'मानवजाति र प्रकृतिको साझा भविष्य', 'सेनामाथि पार्टीको पूर्ण नियन्त्रण', 'एक राष्ट्र, दुई प्रणाली' लगायतका विचारहरू उल्लेख छन् ।

सीको विचारधारा बदलिँदो चिनियाँ सन्दर्भमा मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई लागु गर्ने प्रणाली भएको कम्युनिष्ट पार्टीका नेताहरूले बताएका छन् । सीले आफ्नो प्रतिवेदनमा पनि यो विचारधाराले मार्क्सवाद-लेनिनवाद, माओ विचारधारा, देङ स्यायो पेङ सिद्दान्त, तीन प्रतिनिधित्वको सिद्दान्त र विकासबारे वैज्ञानिक दृष्टिलाई अझ सम्पन्न बनाउने उल्लेख गरेका थिए ।

त्यस्तै सीले २१ औं शताब्दीको मध्यसम्ममा चीनलाई 'महान आधुनिक र समाजवादी' राष्ट्र बनाउने योजना पनि अघि सारेका छन् । यसका लागि उनले दुई चरणको लक्ष्य तय गरेका छन् । जसअनुसार सन् २०३५ सम्म कम्युनिष्ट पार्टीले समाजवादी आधुनिकीकरणमा जोड दिने र सन् २०५० सम्ममा 'समृद्ध, शक्तिशाली, लोकतान्त्रिक, साँस्कृतिक रूपले विकसित, सामञ्जस्यपूर्ण र सुन्दर' चीन बनाउने उनले बताएका छन् । यसका लागि सेनाको सुदृढीकरण, नवान्वेषण, आर्थिक विकास र कूटनीतिमा उनले विशेष जोड दिएका छन् ।

'यो युगमा चीन विश्वको केन्द्र बन्दै जानेछ र चीनले मानवजातिका लागि थप योगदान दिँदै जानेछ,' सीले भनेका थिए ।

यसअघि चिनियाँ कम्युनिष्ट पार्टीको विधानमा माओ विचारधारा र देङ स्यायो पेङ सिद्दान्तले स्थान पाएको थियो । यसर्थमा सीलाई माओजत्तिकै र देङभन्दा बढी शक्तिशाली नेता मान्न थालिएको छ ।

यसैबीच, चीनको रेनमिन विश्वविद्यालयले सी जिनपिङ विचारधारा अध्ययनका लागि अनुसन्धान संस्था बनाउने घोषणा गरेको छ । विश्वविद्यालयका प्रमुख ल्यु वीले संस्थाले चिनियाँ मार्क्सवादका उपलब्धिको अनुसन्धान गर्ने आधार बनाउने बताएका छन् ।

अध्यन समूह बन्ने

सी विचारधारा अध्यनका लागि चीनका विभिन्न सहरहरूले अध्यन समूह बनाउने भएका छन् । बेइजिङ र चेनमिन सहरमा त्यस्ता समूह बनाइने बताइएको छ । बेइजिङ नगर सचिव काइ चीले सी विचारधाराको अध्ययन, प्रवर्द्धन र कार्यान्वयन बेइजिङ नगरको उच्च प्राथमिकतामा रहेको बताए ।

विचारधारा कार्यान्वयन गर्न सेनालाई सी को निर्देशन

यसैबीच, केन्द्रीय सैन्य आयोगका प्रमुख समेत रहेका राष्ट्रपति सीले चिनियाँ विशेषतासहितको समाजवाद कार्यान्वयनका लागि कदम चाल्न सेनालाई निर्देशन दिएका छन् । बिहीबार वरिष्ठ सैन्य अधिकारीहरूसँगको भेटमा सीले सो विचारधारा कार्यान्वयन गर्न सेना अघि बढ्नुपर्ने बताए । 'पार्टी अधिवेशनको मर्मलाई अध्ययन गर्नु र बुझ्नु पार्टी, देश र सेनाको अहिले र आउने वर्षको पहिलो काम हो,' सीले भने ।

यता चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ्स् (बीआरआई) लाई चिनियाँ कम्युनिष्ट पार्टीको विधानमा समावेश गरेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको विधानको संशोधित मस्यौदालाई पारित गर्दै चीनले अघि सारेको यस अभियानलाई पार्टी विधानमा समावेश गरेको चिनियाँ परराष्ट्र प्रवक्ता कङ श्वाङले बताएका छन् ।

पार्टी विधानमै समावेश गरिएपछि बेल्ट एण्ड रोड इनिसियटिभ्स् अब चीनको कूटनीतिक सूत्र पनि बनेको छ ।

सन् २०१३ मा चिनियाँ राष्ट्रपति सीले एक पेटी एक मार्ग अर्थात् बेल्ट एण्ड रोड इनिसिएटिभ्सको अवधारणा विश्वमाझ प्रस्तुत गरेका थिए । चीनले गरेको मूल्यांकन अनुसार बीआरआई अभियानले विकास निर्माणको क्षेत्रमा क्रमशः प्रगति हासिल गर्दै गएको छ भने अन्तर्राष्ट्रिय समाजबाट समर्थन र प्रगाढ पहिचान बनाउँदै गएको छ । धेरै भन्दा धेरै मुलुकहरू यस अग्रसरतामा जोडिँदै गएका छन् ।

विभिन्न पक्षहरूसँगै मिलेर 'मानव समुदायको एकै स्वरूपको भाग्य निर्माण गर्न, विश्व स्थिरता, शान्ति, सुरक्षा, साझा समृद्धि तथा स्वच्छ तथा सुन्दर विश्वको निर्माणका लागि योगदान गर्दै जान' अब चीनको सरकार र पार्टी पनि दत्तचित्तका लागि लागिपर्ने प्रवक्ता कङले बताए ।

जनवादी गणतन्त्र चीनका संस्थापक माओत्सेतुङ (माओ च तुङ), तङ स्याउ फिङ (देङ स्याओ पिङ) र अहिले आएर सी चिनफिङलाई महान विचारक नेताहरूको सूचीमा राख्न थालिएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको विधानमा माओपछि देङ र अहिले आएर सीको विचारधारा समेटिएपनि बीचका राष्ट्रपतिहरू ज्याङ जेमिन र हु जिन्ताओको विचार चाहीँ पार्टी विधानमा राखिएको छैन ।



कार्तिक ६ देखि कार्तिक १२ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# कांग्रेसलाई गुन कि नुन !

**कार्तिक ६ गते ।** तिहार पर्व सकिएको भोलिपल्टै अर्थात हिजो ५ गते पहिलो चरणमा हुने भनिएको प्रतिनिधि सभाको र प्रदेश सभाको ३२ जिल्लामा मनोनयन दाखिला भएको छ । वामपन्थी भनिएका र प्रजातान्त्रिक भनिएका दुवै गठवन्धनका नेता भनाउँदाहरूको केही ठाउँमा छिटपुट करङ फोराफोर र बाघी उम्मेवार वाहेक अधिकाँश ठाउँमा उमेद्वारी दाखिला भएको निर्वाचन आयोगले जनाएको छ । यसको मतलव नेपालमा सिद्धान्तको राजनीति होइन व्यापारको राजनीतिमा अधिकाँश मानिसहरू लागेका छन् । यस्तो राजनीतिले राजनीतिक परिवार बाहेक अरू कसैलाई फाइदा पुग्दैन, राजनीति गर्नु भन्दा पाखुरी बजारेर कम गर्नेहरूको मात्रै भविश्य उज्जवल छ भन्ने यो उधाहरण हो ।

**कार्तिक ७ गते ।** विश्वमा मानव निर्मित प्रविधिले पृथ्वीलाई मात्रै होइन, आकश र पाताललाई पनि चुनौति दिइसकेको छ । कुनैदिन यीतो आउँने छ, लोग्दे र स्वास्नीके घर्षण विना पनि रगत र मासु जन्य मानब त्यही प्रविधिले जन्माउँने छ र छोरा छोरी जन्माउँन आमले रगत खेर फाल्नु पर्दैन । यस्तो अवस्थामा पनि नेपलका सरकरी कर्यालयहरू भने नैनासूदको कपडामा पुराना फायलहरू वोको पारेर सरारी अड्डा अदालत चलाईरहेको छ । किन यस्तो भयो ? भन्ने प्रशँगमा जवाफ आउँछ, 'नेपालमा साइवर कानून नेपास भएको छैन' । के कानुनले कुनै लथालिङ अवस्थाको व्यवस्था गर्ने हो र ? व्यस्था गरेर कानुन पास गराउँदा पनि हुन्छ नि ! त्यसमाथि जनताको नाममा कसम खाएर जनताकै मताधिकार प्रप्त विधायकहरू सँसदमा गननन् र कोम नपुग्नाका कारण कैयन विध्येयक पास हुन सकेनन् धन्दै सरकारले लोलि गाएको अवस्थामा कसरी विधानहरू पास हुन्छन त !

**कार्तिक ८ गते ।** पहिलेपहिले मकैको ढिडो खानेलाई ढिडे भनिथ्यो, अहिले पाँचतारे होटलमा ढिडोको परिकारको माँग बढ्न थालेपछि ढिडोको नाम फेरिएको छ, सन्मानपूर्वक 'मर्कट गुड्स' भनिन्छ । तर, अव ढिडोको वदलामा भातको नाम वद्नाम भएको छ, कसैलाई गालीगर्नुपऱ्यो भने 'भाते' भनिन्छ । त्यो भातेको बढी भन्दा बढी गालिखाने राजनीतिज्ञहरू पर्न थानेका छन् । यो कस्तो अवस्थाको गालि भने नेतालाई जनताले भौतिक आक्रमण पनि गर्न सक्तैनन्, उनीहरूको काम, कर्तव्य, र अधिकार पनि मन पराउँने खालको छैन र सुरक्षाको घेराभित्र उनीहरूको वास हुन्छ, खासगरी नेपालमा । त्यसैले जनताले नेतालाई गालिगर्दा भाते भन्न थालेका छन् । तिनै भातेहरूको छनौट तीब्र गतिमा भैरहेको छ । साँसद बन्न चाहने यस्ता भातेहरूको एमाले–माकेले आजसम्म पनि तय गर्न सकेको छैन । कांग्रेसको ड्याङ पुरानै हो । कुकुर विरालो जस्तै गरिरहेका छन् । सुनिन्छ, जसले ठूलो थैलि चढाउँछ, उसैको हातमा टिकट ।

**कार्तिक ९ गते ।** उत्तरतिरको छिमेकीले चमत्कार नै गरिदियो । ३० वर्ष पछाडि आएर माओत्सेतुङको उत्तराधिकारी जन्माएर विश्वलाई नै चकित पारिदियो । साना तथा मझौला देशहरूका लागि खुम्रेकिरोकै रूपमा साबित भैसकेको अमेरिका पनि चीनसँग सहमति हुन वाध्य भएको वेलामा हाम्रा भातेहरू रूढिवादको पछि लागेर पुस्तकालयमा थन्क्यान ुपर्ने धर्मशाश्त्रहरूको अधारमा राजनीतिक विचारको निर्धारण गरिरहेका छन् । यिनीहरूको नैतिक र भौतिक जीवन समाप्तीका दिन आएका हुन वा साँगुरा गल्लीमा नै रुमलिने यिनीहरूको सोच हो, बझ्नै गाह्रो भो ।

**कार्तिक १० गते ।** आज एकाविहानै रेडियोले कानमा भन्यो 'आज पनि छट् बिदा' । कान कोटया्एर फेरि सुनें 'हो नै रहेछ' । यो के हुन थालेको हो ? ३६५ दिनमा ५३ दिन त शनिवार नै भए । दशैं–तिहारका छुट्टीहरू त्यातिकै छन् । अरू विदाका सूचिहरूले क्यालेण्डर रातै भएको छ र पनि सरकार विदाका दिनहरू थप्तै छ । यस्तै हुने र गर्ने हो भने कुनैदिन यस्तो आउँने छ यि ३६५ दिन नै विदा मनाउँन पाइने छ ।

**कार्तिक ११ गते ।** असारमा लगनगाँठो कसेर आश्विनमा काटिदिने प्रचण्डबाट आगो भएको कांग्रेसलाई फेरी फकाउँदै उनै प्रचण्डले भनेछन्, 'नआत्तियौ कांग्रेस भाइजानहरू मैले तिमीहरूलाई गुन नै लगाएको छु,' मेरै कारण उछिट्टीएर मधेशमा मात्रै गुजुल्टीएका गच्छेदार, रामवरणको ठाउँमा पुग्नुपर्ने तर भारतीय सिताले लोभिएका महन्त ठाकुर र हिन्दुधर्मको ठेकेदार हुँ भन्दै हिडेका तर अवसर पाए भने कट्टर दक्षिणपन्थी र कट्टर उत्तरपन्थी पनि हुन सक्ने कमल थापा पनि कांग्रेसमा विलय हुने सम्भावित खतराको घण्टीमाथि ख्याल गरेका छन् कि छैन् तर भित्र भित्रै कांग्रेस आफ्नो बाटो ओरालो लागेकोमा आजसम्म सन्चैसँग सुतेको छ ।

**कार्तिक १२ गते ।** 'अदालतले राजनीति गऱ्यो भने के होला ? अत्याचारले रजाइँ गर्छ ।' अहिले नजानिदो रूपमा सर्वोच्च अदालत राजनीति गरिरहेको छ । होइन भने निर्वाचनको मुखैमा आएर मतपत्र छाप्ने सिलसिलामा किन टाँङ अड्याउँन आउँथ्यो । भ्रष्टाचारीलाई उन्मुक्ति दिने, बलात्कारीलाई जमानतमा छाड्ने, राष्ट्रद्रोहीलाई सम्मान गर्ने सर्वोच्च अदालत निर्वाचनमा प्रयोग हुने मतपत्र यसरी छाप, उसरी छाप भन्दै हिड्छ भने यो सँकटकालको समापनतर्फ अभिमुख नीति निर्मणमा भूमिगत मुसदण्डेहरूको सहयोग गर्न तम्सिरहेको छ ।

## आलोपालो

# निर्वाचन उपयोग र देजमोका उम्मेद्वारहरूको जित

● उज्ज्वल

नेकपा (क्रान्तिकारी माओवादी)को सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको उपयोग गर्ने नीति लिएको छ । पार्टी मातहतको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ब्यानरमा निर्वाचन उपयोग गर्ने नीति लिएको हो । यही निर्णय अनुसार निर्वाचन आयोगमा मोर्चा दर्ता गरिसकिएको छ र अगामी दुवै निर्वाचनका लागि मोर्चाले 'मुठ्ठी' चुनाव चिन्ह पाएको छ । मंसिर १० गतेका लागि हुने पहिलो चरणको निर्वाचनका लागि मोर्चाको तर्फबाट प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारी दिने काम भएको छ । र दोस्रो चरणको तयारी पनि अन्तिम चरणमा पुगेको छ । समानुपातिक तर्फ दुवै सभाको बन्दसूचि पनि निर्वाचन आयोगमा बुझाइसकिएको छ । अहिले उम्मेदवार र चुनाव चिन्हको प्रचार सापेक्षिक रूपमा भइरहेको छ ।

सम्पन्न स्थानीय तहको निर्वाचन, त्यस निर्वाचनमा जितेका उम्मेदवारहरूले गरेको लाखदेखि करोडौंको खर्च, आचरण, प्रवृत्ति र आबद्धतालाई हेर्ने हो भने अधिकांश ठाउँमा ठेकदार, तस्कर, माफिया, गुण्डा, नवधनाढ्य, दलाल अभिजातवर्गले निर्वाचन जितेको छ । मूल्य र आदर्शको राजनीति गर्ने, विचार, सिद्धान्तप्रति निष्ठावान, नैतिकवान, इमान्दार र समाजको आर्थिक-सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने पार्टी र नेतृत्व निर्वाचनबाट पराजित भएको छ ।

२० वर्षपछि हुन लागेको हुनाले स्थानीय तहको निर्वाचनपछि स्थानीय निकायले जनप्रतिनिधि पाउँछ र जनतालाई भइपरी आउने समस्या, विकास-निर्माणलगायतका सबै कामहरू जनहितमा हुन्छन् भन्ने जनताको अधिकांश हिस्सालाई लागेको थियो । तर निर्वाचित जनप्रतिनिधिहरूले निर्वाचनमा गरेको खर्च ब्याजसहित असुल्ने र पदमा रहुन्जेल अकूल सम्पत्ति जम्मा गर्ने उद्देश्यलाई केन्द्रमा राखेर गाउँपालिका र नगरपालिका, अनि वडाहरूमा जनतालाई अनावश्यक कर लगाउने, अनावश्यक रूपमा विलासी सामानहरू खरिद गर्ने, सेवा सुविधाहरू आफ्ना घरपरिवार र नाता गोताहरूभन्दा बाहिर जान नदिने, अपारदर्शी रूपमा आर्थिक चलखेल गर्ने जस्ता कार्यहरू गर्न थालेपछि आम जनतामा छोटो समयमा नै जनप्रतिनिधिप्रतिको मोहभंग हुन थालेको छ । र, ठाउँ ठाउँमा जनप्रतिनिधिका विरुद्धमा जनआक्रोश बढ्दै जान थालेको छ ।

यही पृष्ठभूमिमा हुन लागेको प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पनि गुण्डा नाइकेदेखि सुन तस्करसम्म, भ्रष्टचारी, माफियादेखि नवधनाढ्य, विदेशी दलालहरू समेत उम्मेदवार बनेका छन् । र, ठूलो मात्रामा पैसाको चलखेल हुन थालिसकेको छ । कथित वाम र लोकतान्त्रिक गठबन्धनले साम, दाम, दण्ड, भेद जे गरेर पनि चुनाव जित्नेहरूलाई उम्मेदवार बनाएका छन् । पार्टीमा लामो इतिहास भएका, महत्वपूर्ण योगदान गरेका, त्यागी र इमान्दार छवि भएका, विचारवान र निष्ठावान नेता कार्यकर्ताहरूलाई पाखा लगाएका छन् । ती नेता कार्यकर्ताहरूमा ती पार्टीका नेतृत्वप्रति तीव्र घृणा र आक्रोश चुलिएर गएको छ । पैसा नहुने र फट्याइँ गर्न नसक्नेले राजनीति गर्न नहुने रहेछ भन्ने निष्कर्षमा उनीहरू पुगिरहेका छन् ।

संसदीय व्यवस्थामा गरिने र संसदीय व्यवस्थाका लागि गरिने चुनावको यही जनविरोधी चरित्र र प्रवृत्तिको भण्डाफोर गर्दै यो देशका आम श्रमजीवी शोषित, उत्पीडित जनसमुदायको सर्वाङ्गिण हित यो व्यवस्था रहुन्जेल हुँदैन, सम्भव छैन र त्यसका लागि जनगणतन्त्र अर्थात् जनताको नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना अपरिहार्य छ भन्ने यथार्थ बोध जनतालाई गराउन नेकपा (क्रान्तिकारी माओवादी)ले वैधानिक राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, (देजमो) नेपालमार्फत् निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको हो । विगतमा दशवर्ष जनयुद्ध पनि यही उद्देश्यका लागि गरिएको थियो । तर नेतृत्वमा रहेका प्रचण्ड-बाबुरामले गरेको गद्दारीका कारण जनयुद्ध बीचैमा अबरुद्ध हुन पुग्यो ।

यही उद्देश्यलाई केन्द्रविन्दुमा राखेर अहिले देजमोका नेता कार्यकर्ताहरू जनताबीचमा गइरहेका छन् । र, स्थानीय तहको निर्वाचनताका जनताबीचमा क्रान्तिकारी माओवादी र देजमोका नेता कार्यकर्ताले भने जस्तै चरित्र संसदवादी नेता कार्यकर्ताहरूले प्रदर्शन गरेको देखेपछि देजमोप्रति जनताको आकर्षण विस्तारै बढ्दै गएको छ । देजमो जनताबीचमा वैकल्पिक शक्तिको रूपमा उदाउँदै गएको छ ।

आफ्नो लुटको स्वर्ग (संसदीय व्यवस्था) कायम राख्न र मिलिजुली दुई वा तीन पार्टीको एकाधिकार स्थापित गर्न कांग्रेस, एमाले र माकेले निर्वाचन कानुन नै बनाएर दल नियोजन गर्न खोजे । प्रत्यक्ष तर्फ एक सिट जित्नै पर्ने र समानुपातिक तर्फ खसेको मतको ३ प्रतिशत ल्याउनैपर्ने प्रावधान राखेर तीन दलीय निरंकुशता (सिन्डिकेट) जबर्जस्त लादेका छन् । यही निर्वाचन कानुनी प्रावधानका कारण स-साना दलहरू अहिले कथित वाम र लोकतान्त्रिक गठबन्धनमा विलय भइरहेका छन् ।

यस पृष्ठभूमिमा देजमो फरक अस्तित्व र पहिचानसहित जनतबीचमा गइरहेको छ । देजमो मात्रै यस्तो मोर्चा हो, जसले वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधानलाई मान्दैन, यसको खारेजीको माग गर्दछ, गरेको छ । यही व्यवस्थाको प्लेटफर्म प्रयोग गरेर यही व्यवस्थाको भण्डाफोर गर्ने र सही तथ्य कुरा जनतालाई बुझाएर मुक्तिकामी जनतालाई नयाँ जनवादी क्रान्तिका लागि पार्टी तथा मोर्चामा आबद्ध गर्ने नीतिसहित निर्वाचनको उपयोग गरिरहेको छ ।

संसदवादीहरूको चौतर्फी घेराबन्दी तोड्दै चरम आर्थिक अभावका बीच उच्च मनोवलका साथ देजमोका नेता कार्यकर्ताहरू चुनावी मैदानमा उत्रिएका छन् । संसदीय व्यवस्थाका प्रधानमन्त्री, मन्त्रीहरूसँग मूल्य र आदर्शको, नैतिकता र आदर्शको राजनीतिको अस्त्र बोकेर देजमोका उम्मेदवारहरूले मुकाविला गरिरहेका छन् । गज्जब र गर्व गर्न लायक विषय त के छ भने देजमोका उम्मेदवारहरूलाई संसदवादीहरूले समेत भनिरहेका छन् कि राजनीतिमा नैतिकता, इमान्दारिता, निष्ठा, मूल्य र आदर्श क्रान्तिकारी माओवादी तथा देजमोका नेता कार्यकर्ताबाट सिक्नुपर्छ । उनीहरूको यो स्वीकारोक्ति नै देजमोका उम्मेदवारहरूको नैतिक जित हो । यो नैतिक तागत वर्तमानमा देजमोका उम्मेदवारबाहेक अरुलाई उपलब्ध छैन । यो तागतको सदुपायोग गर्दै आम श्रमजीवी जनतालाई क्रान्तिकारी आन्दोलनमा संगठित गर्न सकियो भने यो भन्दा ठूलो जित देजकोका उम्मेदवारहरूका लागि अरु हुँदैन । जसरी पनि चुनाव जित्ने र वर्तमान संसदीय व्यवस्थामा गएर सुखभोग गर्ने उद्देश्य देजमोको छैन, होइन । निर्वाचनको उपयोग पनि नयाँ ढंगबाट क्रान्तिको तयारी हो । क्रान्तिका निम्ति जनतासँग घनिष्ट, व्यापक र सुदृढ सम्बन्ध भएको क्रान्तिकारी पार्टीको निर्माण अनिवार्य सर्त हो । देजमोको निर्वाचन उपयोगको नीति यही उद्देश्यमा आधारित छ ।

## एमाले-माके...

सन्दर्भ उल्लेख गर्दै महासचिव किरणले देशमा राजनीतिक क्रान्ति नभएकोले आफ्नो पार्टी नयाँ जनवादी क्रान्तिको तयारीमा जुटेको बताउनु भयो ।

प्रचण्ड, किरण, बादलतर्फ इङ्गित गर्दै महासचिव किरणले भन्नुभयो, ' उहाँहरूमा निराशा देखियो । हामी क्रान्तिकारी आशावादले समृद्ध छौं । व्यवस्था, सत्ता र संविधान पुरानै छ । जनताका समस्याहरू ज्युँका त्युँ छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू अझ जटिल बन्दै गएका छन् । त्यसको समाधानका लागि नेपालमा नयाँ जनवादी क्रान्ति हुनै पर्छ, गर्नैपर्छ । अरु कुनै विकल्प छैन ।'

'पार्टीको रहर र इच्छाले मात्रै क्रान्ति हुँदैन । क्रान्ति पार्टीका नेता कार्यकर्ताहरूले मात्र गर्ने होइन । देश र जनताको सहभागितामा गरिने हो । त्यसका लागि पार्टीलाई जनतासँग घनिष्ट रूपले जोडेर लैजानुपर्छ । जनतासँग नजोडिएको पार्टीको कुनै अर्थ छैन ।' महासचिव किरणले भन्नुभयो, 'पार्टीलाई जनतासँग जोड्न नै हाम्रो पार्टीले देशभक्त जनगणतान्त्रिक मोर्चामार्फत् स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएका हौं ।'

कम्युनिष्ट तथा वाम शक्तिलाई विश्वास गर्ने र त्यसका पक्षधर जनता अत्यधिक भएकोले कम्युनिष्ट साइनबोर्ड झुण्ड्याएर एमाले-माकेहरूले जनतामा भ्रमको खेती गरिरहेको चर्चा गर्दै हासचिव किरणले त्यस्ता भ्रम चिर्न, प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्दै जनतामा संगठन विस्तारको आधार तयार पार्न निर्वाचन उपयोगको नीति लिएको दावी गर्नुभयो ।

आर्थिक समृद्धिको एकहोरो रटान लगाइरहेका संसदवादी पार्टी र नेताहरूलाई पनि कडा जवाफ दिंदै महासचिव किरणले भन्नुभयो, 'मुलुकको आर्थिक समृद्धिको लागि राजनीतिक क्रान्ति पूरा हुन जरुरी छ । त्यो अहिले बाँकी नै छ । त्यही कारण अहिले प्राकृतिक स्रोतसाधन र मानवीय स्रोधसाधनलाई देश र जनताको हितमामा प्रयोग गर्न नसकिएको हो । आर्थिक समृद्धिका लागि भारतसँग गरिएका सन् ५० लगायत सबै असमान सन्धि सम्झौताको खारेजी गरिनु पर्दछ । विदेशी लगानीमा मात्रै जोड दिएर र सम्पूर्ण जलस्रोत भारतलाई जिम्मा लगाएर देशको आर्थिक समृद्धि हुन सक्दैन । बरु पराधिनता बढेर जान्छ । अहिले त्यही भइरहेको छ ।'

नेता तथा शासकहरूमा विकसित भएर गएको राष्ट्रिय लम्पसारवादी, आत्मसमर्पणवादी प्रवृत्ति हावी रहेसम्म मुलुकको आर्थिक समृद्धि सम्भव नभएको पनि महासचिवले दावी गर्नुभएको छ । र, त्यसका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको दोहोऱ्याउनु भयो ।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रगोकर्ताहरूलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको पर्याप्त सकर्तता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले आना पकाउने ग्याँसको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः



१. सिलिन्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै रहेक दुई वर्षमा ग्याँसको पाइप फेरौ । खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः



१. खाना पकाउने स्थानमा एल.पि. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्छ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्हो को नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्को निस्कने बस्तुहरू जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौ । विद्युत जन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलियडरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिध्र नजिकको ग्याँस विक्रेता सँग अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल, ०१-४२६३४८८५, ४२६३४८१





प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।